# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधकार्य तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययनसँग सम्बन्धित रहेको छ । निवेदन लेखन भाषिक सीप विकासको लेखाइ सीपअन्तर्गत पर्दछ । भाषा मानिसको उच्चारण अवयवद्वारा उच्चारित अर्थयुक्त वाक्प्रतीकहरूको समूह हो । भाषाले गर्दा विश्वमा घटेका विभिन्न घटनाहरू सञ्चार माध्यमबाट थाहा पाउन सकिन्छ यसर्थ भाषा अभिव्यक्तिको सशक्त माध्यम हो । भाषाले मानिसमा एक आपसमा आत्मीयता र सहृदयताको आदानप्रदान गर्न सहयोग गर्दछ । भाषाका आधारभूत सीपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । भाषा शिक्षणमा भाषाका यी चार सीपहरूको एकीकृत पद्धतिद्वारा शिक्षण सिकाइ प्रकिया  अपनाइन्छ । यी सीपहरूमध्ये लेखाइ एक महत्त्वपूर्ण सीप हो । लेखाइ सीप सुनाइ र बोलाइ सीपको विकास भइसके पछि विकास हुने सीप हो ।

लिखित माध्यमबाट सन्देशप्रवाह गर्नका लागि पत्रलाई लिने गरिन्छ । पत्र लिखित माध्यमद्वारा विचार तथा कुराकानीको विनिमय गर्ने साधन हो । पत्र तथा निवेदन लेखनमा खास ढङ्गढाँचाको विशेष महत्त्व रहन्छ । यसभित्र विषयवस्तु, ढाँचा (मिति, ठेगाना, सम्बोधन, अभिवादन, समापन) प्रस्तुति शिल्प, मौलिकता जस्ता कुरामा ध्यान दिइन्छ । पत्र शिक्षण घरायसी (व्यावहारिक) र कार्यालय क्षेत्रमा विभाजन गरी अभ्यासात्मक ढङ्गले क्रियाकलापद्वारा गरिन्छ (माध्यमिक शिक्षा पाठ्यक्रम अनिवार्य नेपाली, २०५५:३५) । एउटा व्यक्तिले अर्को व्यक्तिलाई प्रत्यक्ष रूपमा भावना तथा सन्देश प्रवाह गर्ने सहज माध्यमका रूपमा पत्रलाई लिन सकिन्छ । पत्र औपचारिक र अनौपचारिक गरी मुख्य रूपमा दुई किसिमको हुन्छ । व्यक्ति-व्यक्ति बिचको सम्बन्ध सुदृढ पार्न, प्रशासनिक कार्य सम्पन्न गर्न, व्यापार व्यवसाय, उद्योग, वाणिज्य तथा बैङ्किङ कारोबार सम्पन्न गर्न आदि कार्यहरूमा पत्रको प्रयोग गरिन्छ । व्यावहारिक/व्यावसायिक र प्रशासनिक/ कार्यालयीय चिठीलाई औपचारिक पत्र भनिन्छ । निवेदन लेखन क्षमताको विकासका लागि अध्ययन अध्यापन हुन आवश्यक हुन्छ । निवेदन लेखन क्षमताको विकासका लागि अध्ययन अध्यापनको क्रम जति हुनसक्यो त्यति नै अनुसन्धान परिष्कृत र परिमार्जन हुँदै अगाडि बढ्दछ । यसभन्दा अगाडि

पनि निवेदन लेखन क्षमतामा विभिन्न अध्ययन अनुसन्धान भएका छन् । ती अध्ययन क्षेत्रगत र कक्षागत आधारमा भएका छन् । यस सन्दर्भमा तनहुँ जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीको निवेदन लेखन क्षमताको अध्ययन अहिलेसम्म नभएको हुदाँ उक्त शीर्षकमा अध्ययन अनुसन्धान गरी यो शोधप्रत्र तयार पारिएको हो ।

## १.२ समस्याकथन

तनहुँ जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन नै प्रस्तुत शोधकार्यको मूल समस्या हो । प्रस्तुत शोध समस्यासगँ सम्बन्धित अन्य समस्याहरू यसप्रकार रहेका छन् :

(क) तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमता के कस्तो रहेको छ ?

(ख) विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो रहेको छ ?

(ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो देखिन्छ ?

(घ) भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलानात्मक स्थिति के कस्तो देखिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्रको मूल उद्देश्य तनहुँ जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमता पहिल्याउनु हो । यसै उद्देश्य प्राप्तिका लागि अन्य उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमता पत्ता लगाउनु ।

(ख) विद्यालय प्रकृतिका आधारमा उक्त विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

(ग) लैङ्गिकताका आधारमा उक्त विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलानात्मक स्थितिको अध्ययन गर्नु ।

(घ) भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलानात्मक स्थितिको अध्ययन गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

भाषिक सीप विकासका लागि भाषा शिक्षणको आवश्यक पर्दछ । लेखाइ सीप विकासका लागि विभिन्न सीप गराइन्छ, त्यही भाषिक सीप विकास गर्नका लागि अनुसन्धानको आवश्यक पर्दछ । भाषा शिक्षण सिकाइमा निवेदन लेखन शिक्षण एक महत्त्वपूर्ण पक्ष हो । विद्यार्थीहरूमा भाषा शिक्षणका क्रममा निवेदन लेखन क्षमताको विकास गराउनुपर्ने हुन्छ । यसका लागि विभिन्न क्षेत्र र तहका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको शोध अध्ययन हुँदै आएको छ । तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण हुनु आवश्यक छ । हालसम्म यससम्बन्धी कसैले अध्ययन नगरेकाले प्रस्तुत अध्ययन मौलिक र नवीन बन्न गएको छ । यसबाट यो अध्ययन सान्दर्भिक भएको कुराको पुष्टि हुन्छ । यसका साथै नेपाली भाषा शिक्षणअन्तर्गत निवेदन लेखन शिक्षणसगँ सम्बन्धित शिक्षक, विद्यार्थी, भाषाप्रेमी, अनुसन्धानकर्ता, नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक लेख्न र परिमार्जन गर्न, भाषिक सीप विकास र भाषा विकास आदिमा खट्नेजुट्नेलाई ठोस लाभ प्राप्त हुन्छ  अतः प्रस्तुत शोधकार्यको  उपादेयता रहन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

कुनै पनि विषयको क्षेत्र परिवेश तथा सामग्री अत्यन्त विस्तृत र व्यापक हुन्छ । त्यसैले शोधलाई उद्देश्यमूलक बनाउन शोध अध्ययनलाई यसप्रकार सीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत अध्ययन तनहुँ जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययनमा मात्र सीमित रहेको छ ।

(ख) उक्त अध्ययन ५ वटा सामुदायिक विद्यालयका ५० जना र ५ वटा संस्थागत विद्यालयका ५० जना गरी जम्मा १०० जना विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

(ग) निर्दिष्ट विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको विद्यालयको प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा निवेदन लेखन क्षमतात्मक अधारमा विश्लेषणमा मात्र केन्द्रित गरिएको छ ।

(घ) प्रस्तुत शोधकार्यको निष्कर्ष विद्यार्थीहरूमा गरिएको परीक्षणबाट प्राप्त तथ्याङ्कको आधारमा गरिने व्याख्या विश्लेषणमा सीमित भएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रमा विभिन्न अङ्गहरू रहेको छन् । यस शोधपत्रको रूपरेखालाई विभिन्न अध्याय र शीर्षकहरूमा यसप्रकार उल्लेख गरिएको छ :

यस अध्यायको शीर्षक **शोध परिचय** रहेको छ । यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधको उद्देश्य, शोधको सान्दर्भिकता र उपादेयता, शोधकार्यका सीमाङ्कन र शोधपत्रको रूपरेखा जस्ता उपशीर्षकहरू रहेका छन् ।

यस अध्याय दुईको शीर्षक **पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा** रहेको छ । यसअन्तर्गत पूर्वकार्यको समीक्षा रहेको छ । पुस्तक समीक्षा र शोध समीक्षालाई छुट्टाछुट्टै उपशीर्षकमा प्रस्तुत गरिएको छ र त्यसपछि पूर्वकार्यको महत्त्व रहेको छ । त्यसै गरी अवधारणात्मक ढाँचाअन्तर्गत निवेदन लेखनको परिचय, निवेदनको प्रकार, निवेदनको अङ्गहरू, निवेदनको ढाँचा, निवेदनको महत्त्व र उपयोगिता, विद्यालय तहमा निवेदन शिक्षण क्रियाकलाप र निष्कर्ष रहेका छन् ।

यस अध्याय तीनको शीर्षक **अध्ययन विधि र प्रक्रिया** रहेको छ । प्रस्तुत शोध अध्ययनका क्रममा प्रयोगमा ल्याइएका विधि तथा प्रक्रियाअन्तर्गत अध्ययन विधि, जनसङ्ख्याको पहिचान, नमुना छनोट, सामग्री सङ्कलनका लागि प्राथमिक स्रोतका सामाग्रीहरू र द्वितीयक स्रोतका सामाग्रीहरू, सामाग्री निर्माण, पूर्वपरीक्षाण र मानकीकरण, परीक्षा कार्यान्वयन, उत्तरपुस्तिक परीक्षण तथ्याङ्क सङ्कलन र विश्लेषण तथा निष्कर्ष उपशीर्षकहरू रहेका छन् ।

अध्याय चारमा शीर्षक **समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमता अध्ययन** रहेको छ । यसअन्तर्गत पृष्ठभूमि, समग्र विद्यार्थीहरूको प्रतिशतका आधारमा निवेदन लेखन क्षमताको अध्ययन, समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनमा आधारित भएर निवेदन लेखन क्षमताको अध्ययन गरिएको छ । समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको निष्कर्ष जस्ता उपशीर्षकहरू रहेका छन् ।

अध्याय पाँचमा शीर्षक **विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन** रहेको छ । यस अध्ययनअन्तर्गत विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पृष्ठभूमि, प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरू निवेदन लेखन क्षमता, संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको, प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता, मध्यमान र मानक विचलनको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरू निवेदन लेखन क्षमता, मध्यमान र मानक विचलनको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू निवेदन लेखन क्षमताको तुलना तथा निष्कर्ष उपशीर्षकहरू रहेको छन् ।

अध्याय छमा शीर्षक **लैङ्गिकताको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन** रहेको छ । यस अध्ययनअन्तर्गत पृष्ठभूमि, प्रतिशतका आधारमा छात्रहरूको निवेदन लेखन क्षमता, मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको निवेदन लेखन क्षमता, प्रतिशतका आधारमा छात्राको निवेदन लेखन क्षमता, मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको निवेदन लेखन क्षमता, मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको निवेदन लेखन क्षमताको तुलना तथा निष्कर्ष उपशीर्षकहरू रहेका छन् ।

अध्याय सातको शीर्षक **भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन** रहेको छ । यस अध्यायअन्तर्गत पृष्ठभूमि, प्रतिशतका आधारमा नेपाली मातृभाषीहरूको निवेदन लेखन क्षमता, मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषीहरूको निवेदन लेखन क्षमता, प्रतिशतका आधारमा अन्य मातृभाषीको निवेदन लेखन क्षमता, मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषीहरूको निवेदन लेखन क्षमताको अध्ययन मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषीभन्दा र अन्य मातृभाषीहरूको निवेदन लेखन क्षमताको तुलना तथा निष्कर्ष जस्ता उपशीर्षकहरू रहेका छन् ।

यस अध्यायको शीर्षक **सारांश, निष्कर्ष र उपयोगिता** रहेको छ । अध्ययनको सारांशअन्तर्गत सबै अध्यायका कुराहरूलाई सङ्क्षिप्तमा प्रस्तुत गरिएको छ । त्यसैगरी शोध अधयनबाट प्राप्त निष्कर्षलाई यहाँ नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै रूपमा उल्लेख गरिएको छ ।

## अध्याय दुई

# पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा

## २.१ पूर्वकार्यको समीक्षा

भाषिक अभिव्यक्तिअन्तर्गत विभिन्न पुस्तक, पत्रपत्रिका, लेख र शोधपत्रलाई पूर्वकार्य गरिएको छ । यससम्बन्धी सैद्धान्तिक प्रायोगिक अध्ययन भएका पुस्तक र शोधपत्रलाई पूर्वकार्य मानी तिनको समीक्षा गरिएको छ । पूर्वकार्यको समीक्षालाई पनि पुस्तक समीक्षा र शोध समीक्षा गरी छुट्टाछुट्टै प्रस्तुत गरिएको छ ।

### २.१.१ पुस्तकको समीक्षा

लामिछाने (२०६४) द्वारा **नेपाली भाषा शिक्षण परिचय** पुस्तकमा भाषाशिक्षणका विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा चिठी शिक्षण एकाइअन्तर्गत चिठीलेखनका प्रयोजनहरू, चिठीका प्रकार र चिठी शिक्षणका कार्याकलापहरूको चर्चा गरिएको छ । यसमा चिठीलाई लेखाइ सीप विकासका लागि प्रयोजनमा ल्याइने भए पनि सस्वर तथा मौनवाचन गराएर त्यसभित्रका खास कुरा बुझाउन, शब्दाभण्डारको वृद्धि गराउन र सिर्जनात्मकताको समेत विकास गराउन सकिने कुरा उल्लेख गरिएको छ । घरायसी, व्यापारिक र कार्यालयीयसम्बन्धी गरी चिठी तीन प्रकारका हुने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तकमा चिठीलेखन र सस्वरपठन गर्नका लागि चिठी शिक्षणका कार्याकलापको चर्चा गरिएको छ । यो पुस्तक भाषिक अनुसन्धानका सन्दर्भमा एक उल्लेखनीय कृति हो । उक्त पूवकार्य निवेदन लेखनमा आधारित भएकाले प्रस्तुत शोधकार्यसँग सम्बन्धित रहेको छ । प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित उक्त पूर्वकार्यभन्दा उक्त शोध निवेदन लेखन प्रयोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । उक्त पुस्तकबाट निवेदन लेखन सीप शिक्षणको अवधारणाको विवेचना गर्न सहयोग लिइएको छ ।

अधिकारी (२०६५) द्वारा **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा भाषाशिक्षणका विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा लेखाइ शिक्षणको पनि उल्लेख गरिएको छ । नेपाली भाषाशिक्षणमा निवेदन लेखनका सूचनाहरूलाई लेखाइ शिक्षणका कार्यकलापहरू नामक शीर्षकअन्तर्गत समावेश गरिएको छ । निवेदन लेखनमा खास ढङ्गढाँचाको विशेष महत्त्व

रहन्छ । लेखाइको प्रौढताको प्रायः सफल निवेदन लेखन प्रक्रिया भएको हुँदा सुरुमा मिति, सम्बोधन, ठेगाना र सोअनुरूप शिष्टता तथा आत्मीयता दर्साउने विशेषण र नमस्कारात्मक, आशीर्वादात्मक वा तत्सम्बन्धी अन्य शब्द वा पदावली र तिनको उपयोग गर्ने ढङ्ग प्रस्ट्याईसकेपछि निवेदन (चिठी) लेखनमा उच्चता हासिल गर्न साथै निवेदन लेखनमा मिति, ठेगाना, सम्बोधन, विषय र प्रायः अनुरोधको भाषा प्रयोग भएपछि निवेदन लेखनमा उच्चता हासिल गर्न सकिने कुरा निवेदन लेखनमा आवश्यक सतर्कताको सङ्केत गरिएको छ । प्रस्तुत शोधकार्य लेखन निवेदन लेखनसँग सम्बन्धित उक्त पूर्वकार्यसँग निकट छ । प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्यभन्दा निवेदन लेखनको प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । यस शोधकार्यमा लेखाइ सीपको बारेमा र निवेदनको ढाँचा शिष्टता व्यक्त गर्ने तरिकामा सहयोग लिइएको छ ।

बराल (२०६५) द्वारा **साधारण नेपाली** पुस्तकमा पत्र रचना खण्डअर्न्तगत पत्रको प्रकार उल्लेख गरिएको छ । पत्रका प्रकारअन्तर्गत व्यावसायिक, कार्यालयीय, निवेदन, सूचना, निमन्त्रणा र विज्ञापनको नमुनासमेत दिइएको छ । उक्त पुस्तकमा उल्लिखित चिठी तथा निवेदन लेखन सीप विकासका कुराहरू प्रस्तुत शोधकार्य अन्तर्गत निवेदन लेखनसँग सम्बन्धित र उपयोगी छन् । प्रस्तुत शोध अध्ययन सैद्धान्तिक पक्षमा आधारित उक्त पूर्वकार्यभन्दा निवेदन लेखन प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । उक्त पुस्तकबाट निवेदन लेखन शिक्षणको अवधारणाको विवेचना गर्नमा सहयोग पुऱ्याएको छ ।

लम्साल र अन्य (२०६६) द्वारा **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा लेखाइ शिक्षणका महत्त्वपूर्ण कुराहरू उल्लेख गरिएको छन् । उक्त पुस्तकमा लिखित अभिव्यक्ति शिक्षणका कार्याकलापहरूअन्तर्गत वस्तुवर्णन, अनुभव, घटना एवम् भाववर्णन, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर लेखन, अनुच्छेद लेखन, बुँदाटिपोट, दैनिकी लेखन, चिठीलेखन तथा निवेदन लेखन बारेमा चर्चा गरिएको छ । चिठी व्यक्तिगत, कार्यालयीय र व्यवासायिक गरी तीन किसिमका हुने कुरा उल्लेख गरिएको छ साथै व्यक्तिगत चिठी खास ढङ्गढाँचाको विशेष महत्त्व हुने चिठीलेखन सिकाउँदा मिति, ठेगाना, सम्बोधनजस्ता ढाँचाहरूको निर्देशन विद्यार्थीहरूलाई दिनुपर्ने चिठीमा मिति लेख्नुपर्ने, लेख्ने र लेखिने र लेखिनेको सम्बन्ध र

सोअनुरूप शिष्टता तथा आत्मीयता दर्साउने शब्दको प्रयोग र उपयोग गर्ने ढङ्ग प्रस्ट्याईदिनु उपयुक्त हुने कुरा उल्लेख गरिएको छ । प्रस्तुत शोध सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्यभन्दा निवेदन लेखनको प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यमा निवेदनको ढाँचा शिष्टता व्यक्त गर्ने तरिकाका बारेमा सहयोग लिइएको छ ।

भण्डारी र अन्य (२०६६) द्वारा तयार पारिएको **नेपाली विषयको स्वाध्यायन सामग्री** चिठी तथा निवेदन लेखनका लागि अत्यन्त उपयोगी देखिन्छ । चिठीलाई विषयवस्तुको आधारमा घरायसी, व्यापारिक, कार्यालयीय गरी वर्गीकरण गर्न सकिने, विद्यार्थीहरूमा चिठीको किसिमअनुसार लेखन सीपका विकासका साथै विभिन्न शुभकार्यको अवसरमा आफन्त, साथीभाइ आदिलाई निमन्त्रणा पत्र तथा शुभकामना तयार पार्ने सीपको समेत विकास हुने कुरा उल्लेख गरिएको छ । उक्त पूर्वकार्य निवेदनका ढङ्गढाँचा, खाका आदिसहित प्रस्तुत निवेदन लेखनमा शिक्षणमा महत्त्वपूर्ण रहेको छ । उक्त पूर्वकार्य  निवेदन लेखनमा प्रस्तुत शोधकार्यसँग सम्बन्धित  छ । प्रस्तुत शोध सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्यभन्दा निवेदन लेखन प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । उक्त पुस्तकबाट प्रस्तुत शोधअन्तर्गत निवेदनका ढङ्गढाँचा र खाकाअनुसारको लेखन कलाको अध्ययनमा सहयोग लिइएको छ ।

पाठ्यक्रम विकास केन्द्र (२०७३) द्वारा **मेरो नेपाली कक्षा सात**को पाठ्यपुस्तकको पाठ ९ मा साथीलाई चिठी पाठ १७ मा प्राधानध्यापकलाई निवेदन समावेश गरिएको छ । उक्त पाठमा खेलकुद प्रतियोगितामा विद्यालयकोतर्फबाट सहभागी हुन पाऊँ भनी अनुरोध गर्दै निवेदन लेखिएको छ । उक्त पूर्वकार्यको निवेदन लेखनमा गरिएको प्रस्तुत शोधसँग सम्बन्धित छ । प्रस्तुत शोधकार्य सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्यभन्दा निवेदन लेखन प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ। उक्त पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यअन्तर्गत अवधारण  निर्माण गर्न मद्दत पुऱ्याएको छ ।

### २.२.२ शोधको समीक्षा

खतिवडा (२०६४) द्वारा 'कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य गरिएको पाइन्छ । उदयपुर

जिल्लाको कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गर्नु, चिठी तथा निवेदन लेखनमा विद्यार्थीहरूलाई परेका समस्या पहिचान गरी आवश्यक सल्लाह र सुझाव दिनु उक्त शोधकार्यका प्रमुख उद्देश्यहरू प्रस्तुत रहेका छन् । उदयपुर जिल्लाका ५/५ सामुदायिक र संस्थागत विद्यालयका ४०/४० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिइएको उक्त पूर्वकार्य मूलतः सर्वेक्षण विधि र आंशिकरूपमा पुस्तकालयीय अध्ययनमा आधारित भएर सम्पन्न भएको छ । उक्त पूर्वकार्यको सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता उच्च रहेको र समग्रमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्न चिठीलेखन शिक्षण पद्धतिलाई व्यवस्थित बनाउनु पर्ने सुझावलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यसँग प्रस्तुत शोधकार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कक्षा सातका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा उक्त शोधकार्य क्षेत्रगत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधमा गरिएको व्याख्या विश्लेषणका लागि प्रायोगिक पक्षमा सहयोग लिइएको छ ।

नेपाल (२०६४) द्वारा ‘कक्षा आठ पूरा गरेको विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन’ शीर्षकमा तयार गरिएको पाइन्छ । सिन्धुपाल्चोक जिल्लाको कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक तथा सस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिकताक आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु तथा पहिलो नेपालीभाषी र दास्रो नेपालीभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु उक्त शोधकार्यका प्रमुख उद्देश्यहरू रहेका छन् । उक्त अध्ययन क्षेत्रीय अध्ययन विधिमा केन्द्रित देखिन्छ । सिन्धुपाल्चोक जिल्लाका ५/५ सामुदायिक र संस्थागत विद्यालयका ४०/४० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिइएको उक्त शोधपत्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता उच्च रहेको, नेपाली पहिलोभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता नेपाली दोस्रोभाषीको भन्दा केही सन्तोषप्रद देखिएको, लैङ्गिकतालाई

आधारमा  हेर्दा छात्राभन्दा छात्र केही मात्रामा अगाडि रहेका र अभ्यासको कमीले त्रुटिहरू भएको जस्ता निष्कर्षहरू प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यसँग प्रस्तुत शोधकार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित  छ । सिन्धुपाल्चोक जिल्लाका कक्षा आठ पूरा गरेका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध तनहुँ जिल्लाका कक्षा सातका विद्यार्थीहरूलाई  आधार मानेर गरिएकाले स्पष्ट रूपमा फरकसमेत रहेको छ । निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित उक्त पूर्वकार्यसँग प्रस्तुत शोधमा गरिएको उद्देश्य निर्धारण, व्याख्या विश्लेषणमा सहयोग लिइएको छ ।

जोशी (२०६६) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्यहरू कञ्चनपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, पहिलो नेपालीभाषी र दोस्रो नेपालीभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेको छन् । यस अध्ययन क्षेत्रीय अध्ययन विधिमा केन्द्रित देखिन्छ । उक्त शोधकार्य कञ्चनपुर जिल्लाका ५/५ सामुदायिक र संस्थागत विद्यालयका ४०/४० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता उच्च रहेको, नेपाली पहिलोभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता नेपाली दोस्रोभाषीको भन्दा केही सन्तोषप्रद देखिएको लैङ्गिकतालाई आधार मानेर हेर्दा छात्राभन्दा छात्र केही मात्रामा अगाडि देखिएको र अभ्यासको कमीले त्रुटिहरू भएको जस्ता निष्कर्षहरू प्रस्तुत गरिएका छन् । उक्त पूर्वकार्यसँग प्रस्तुत शोधकार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कञ्चनपुर जिल्लाका कक्षा आठका विद्यार्थीहरूलाई आधार मानेर गरिएको पूर्वकार्यभन्दा प्रस्तुत शोध तनहुँ जिल्लाका कक्षा सातका विद्यार्थीहरूलाई नमुनमा आधार मानेर गरिएकाले स्पष्ट रूपमा फरकसमेत रहेको छ । निवेदनलेखन क्षमता अध्ययनमा केन्द्रित उक्त पूर्वकार्यसँग प्रस्तुत शोधमा उद्देश्य निर्धारण र तथ्याङ्कको व्याख्या विश्लेषणमा सहयोग प्राप्त भएको छ ।

नेपाल (२०६७) द्वारा ‘कक्षा छ पूरा गरेका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन’ शीर्षकमा स्नातकोत्तर शोधकार्य तयार पारिएको पाइन्छ । उक्त शीर्षकमा शोधपत्र तयार पर्दा सिन्धुपाल्चोक जिल्लाको कक्षा छ पूरा गरेका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको स्थितिको विश्लेषण गर्नु, विद्यार्थीहरूको निवेदन लेखनसम्बन्धी समस्याहरूको पहिचान गरी निराकरणका उपायहरू प्रस्तुत गर्नु उद्देश्यहरू रहेको छन् । नमुना सर्वेक्षण विधिअन्तर्गत ५/५ सामुदायिक र संस्थागत विद्यालयका ८/८ गरी जम्मा ८० जना विद्यार्थीहरू प्रतिनिधिको रूपमा चयन गरी गरिएको उक्त शोधकार्यमा समग्र विद्यार्थीहरू निवेदन लेखन क्षमता उच्च रहेको, छात्रभन्दा छात्रा विद्यार्थीहरू तुलनात्मक रूपमा सक्षम रहेको र सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता उच्च रहेको निष्कर्षका रूपमा उल्लिखि गरी समग्रमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्न चिठी लेखन शिक्षण व्यवस्थित बनाउनुपर्ने सुझावसमेत प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यसँग प्रस्तुत शोधकार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधमा गरिएको नमुना छनोट र तथ्याङ्कको व्याख्या विश्लेषणका प्रायोगिक पक्षमा सहयोग प्राप्त गरिएको छ ।

विष्ट (२०६८) द्वारा ‘कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन’ शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शीर्षकमा शोधपत्र तयार पर्दा बझाङ जिल्लाको कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृतिको आधारमा चिठीलेखन क्षमताको स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिको आधारमा चिठीलेखन स्थिति पहिल्याउनु, लैङ्गिकताका आधारमा चिठीलेखन क्षमताको स्थिति पहिल्याउनु र विद्यार्थीमा देखिएका कमीकमजोरी पहिचान गरी निराकरणका उपायहरू पहिल्याउनुलाई उक्त शोधपत्रमा उद्देश्यहरू प्रस्तुत गरिएको छ । उक्त शोधपत्रमा विद्यार्थीहरूलाई केन्द्रबिन्दुमा राखी नमुना सर्वेक्षण विधिद्वारा सामग्री सङ्कलन गरिएको छ । तीनवटा सामुदायिक विद्यालयलका ३० जना र तीनवटा संस्थागत विद्यालयका ३० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिएको छ । समग्रमा विद्यार्थीहरूको

चिठीलेखन क्षमता सन्तोषजनक रहेको, सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता उच्च रहेको, नेपाली पहिलोभाषी विद्यार्थीहरूको चिठीलेखन क्षमता नेपाली दोस्रोभाषीको भन्दा केही सन्तोषप्रद रहेको लैङ्गिकतालाई आधार मानेर हेर्दा छात्राभन्दा छात्र केही मात्रामा अगाडि देखिन्छ । समग्रमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्न चिठी लेखन शिक्षण व्यवस्थित बनाउनुपर्ने सुझावसमेत प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्य र प्रस्तुत शोधकार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित प्रस्तुत शोधकार्यसँग सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्य प्रस्तुत शोधमा गरिएको तथ्याङ्कको व्याख्या र विश्लेषणका लागि सहयोग लिएको छ ।

शाही (२०६८) द्वारा 'चितवन जिल्लाको कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र तयार पारेको देखिन्छ । यस शोधपत्रमा चितवन जिल्लामा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयहरूको विद्यार्थीको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, भाषिक पृष्ठभूमिको आधारमा मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको विश्लेषण गर्नु, लैङ्गिकताका आधारमा चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्यहरू रहेको छन् । उक्त शोधकार्यमा चितवन जिल्लाका विद्यार्थीहरूमा केन्द्रित रही नमुना सर्वेक्षण र वर्णानात्मक विधिद्वारा सामग्री सङ्कलन गरी सामुदायिक र संस्थागत गरी चितवन जिल्लाको १०/१० विद्यालयहरू छनोट गरिएको पाइन्छ तापनि तथ्याङ्कशास्त्रीय विधिको भने प्रयोग गरिएको पाइदैँन । छात्र छात्राहरूको चिठी तथा निवेदन लेखन क्षमता सन्तोषजनक रहेको, संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । समग्रमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्न चिठी लेखन शिक्षण व्यवस्थित बनाउनु पर्ने सुझावसमेत प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध तनहुँ जिल्लाका विद्यार्थीलाई सामग्रीका आधार मानेर गरिएकाले कक्षागत र क्षेत्रगत आधारमा फरकसमेत रहेको छ । उक्त पूर्वकार्य र निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित प्रस्तुत शोधकार्यसँग भएकाले सम्बन्धित छ । निवेदनलेखन क्षमता अध्ययनमा केन्द्रित उक्त पूर्वकार्यसँग प्रस्तुत

शोधमा गरिएको नमुना छनोट र तथ्याङ्कको व्याख्या विश्लेषणको लागि सहयोग प्राप्त भएको छ ।

घर्ती (२०६९) द्वारा 'रुकुम जिल्लामा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरेको पाइन्छ । यस शोधको मुख्य उद्देश्य कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थितिको पहिचान गर्नु र लैङ्गिकताका आधारमा निवेदन लेखन क्षमताको स्थिति पत्ता लगाउनु रहेका छन् । उक्त अनुसन्धान अंशतः पुस्तकालीय र क्षेत्रीय अध्ययन विधिमा केन्द्रित रही चार सामुदायिक र दुई संस्थागत विद्यालयका गरी ८०/२० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा लिएको छ र स्तरअनुकूल प्रश्नपत्र तयार गरी परीक्षण गरिएको पाइन्छ । उक्त अध्ययनले कक्षा दशमा अध्ययरत विद्यार्थीहरूको निवेदन लेखन क्षमता सन्तोषजनक रहेको, संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमता कमजोर रहेको र छात्रभन्दा छात्राको निवेदन लेखन क्षमता उच्च रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्य र प्रस्तुत शोधकार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित प्रस्तुत शोधकार्यसँग भएकाले सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यमा उद्देश्य निर्धारण र तथ्याङ्क व्याख्या विश्लेषणका लागि प्रायोगिक पक्षमा सहयोग लिएको छ ।

बोहरा (२०७०) द्वारा 'रामेछाप जिल्लाको कक्षा दशमा अध्ययनरत गरेको विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । उक्त जिल्लाको कक्षा दशमा अध्ययनरत गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गर्नु, नेपाली पहिलोभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूबीचको अन्तर पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको स्थिति पहिल्याउनु, लैङ्गिकताका आधारमा चिठी तथा निवेदन लेखन क्षमताको स्थिति पत्ता लगाउनु र चिठी तथा निवेदन लेखनसम्बन्धी समस्याहरू पहिचान गरी निराकरणका उपायहरू सुझाउनु यस शोधपत्रको प्रमुख उद्देश्य रहेका छन् । उक्त अनुसन्धान क्षेत्रीय अध्ययन विधिमा केन्द्रित रही तीन-तीन सामुदायिक र संस्थागत

गरी छवटा विद्यालयका ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा लिएको छ र स्तरअनुकूल प्रश्नपत्र तयार गरी परीक्षण गरिएको पाइन्छ । उक्त अध्ययनले कक्षा दशमा अध्ययनरत गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता सन्तोषजनक रहेको, संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता कमजोर रहेको, नेपाली पहिलोभाषी विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको क्षमता कमजोर रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्य र निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित प्रस्तुत शोधकार्य भएकाले सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यसँग प्रस्तुत शोधकार्यमा उद्देश्य निर्धारण र तथ्याङ्कको व्याख्या विश्लेषणका लागि सहयोग सहयोग प्राप्त भएको छ ।

आचार्य (२०७३) द्वारा 'अर्घाखाँची जिल्लामा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । उक्त शोधको मुख्य उद्देश्य कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु र लैङ्गिकताका आधारमा निवेदन लेखन क्षमताको स्थिति पत्ता लगाउनु रहेको देखिन्छ । उक्त अनुसन्धान अंशतः पुस्तकालीय र क्षेत्रीय अध्ययन विधिमा केन्द्रित रही चार सामुदायिक र चार संस्थागत विद्यालय गरी ४०/४० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा लिइएको छ र स्तरअनुकूल प्रश्नपत्र तयार गरी परीक्षण गरिएको पाइन्छ । उक्त अध्ययनले कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमता सन्तोषजनक रहेको, संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमता कमजोर रहेको र छात्रभन्दा छात्राको निवेदन लेखन क्षमता उच्च रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित प्रस्तुत शोध सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यसँग प्रस्तुत शोधकार्यमा उद्देश्य निर्धारण र तथ्याङ्कको व्याख्या विश्लेषणका लागि सहयोग प्राप्त भएको छ ।

रिमाल (२०७३) द्वारा 'काठमाडौ जिल्लाको कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त शोधको मुख्य उद्देश्य कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु,

सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु र भाषिक पृष्ठभूमिका आधारमा निवेदन लेखन क्षमताको स्थिति पत्ता लगाउनु रहेको देखिन्छ । उक्त अनुसन्धान अंशतः पुस्तकालीय र क्षेत्रीय अध्ययन विधिमा केन्द्रित रही ५ सामुदायिक र ५ संस्थागत विद्यालय गरी १०० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा लिएको छ र स्तरअनुकूल प्रश्नपत्र तयार गरी परीक्षण गरिएको पाइन्छ । कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमता सन्तोषजनक रहेको, संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमता कमजोर रहेको र दोस्रो नेपालीभाषीभन्दा पहिलो नेपालीभाषी विद्यार्थीको निवेदन लेखन क्षमता उच्च रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्य र निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित प्रस्तुत शोधकार्य भएकाले सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधपत्र कक्षागत क्षेत्रगत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यमा उद्देश्य निर्धारण र व्याख्या विश्लेषणका लागि सहयोग प्राप्त भएको छ ।

यि अध्ययनहरू केही जिल्लाहरूमा मात्र सीमित रहेकाले सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्ययन गरिएको देखिँदैनन् । तसर्थ तनहुँ जिल्लाका विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन अनुसन्धान गरी आवश्यक सुधारात्मक उपायहरू अपनाउन सहयोग पुग्ने महसुस गरी प्रस्तुत शोध शीर्षक **तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमता**को अध्ययन  शीर्षकमा प्रस्तुत शोधअध्ययन गरिएको हो ।

## २.२ पूर्वकार्यको समीक्षाको महत्त्व

शोधका क्षेत्रमा पूर्वकार्यको समीक्षा भन्नाले अनुसन्धानकर्ताले चयन गरेको अनुसन्धेय विषय वा क्षेत्रसँग निकट भएका र त्यसभन्दा पहिले भएका खोज, अध्ययन र अनुसन्धानका कार्यहरूलाई जनाउँछ । अनुसन्धान गर्न लागिएको विषयको समस्या, समधानका लागि उद्देश्य, विधिको छनोट गर्न तथा आवश्यक तथ्याङ्क सङ्कलन गर्न पूर्वकार्य समीक्षा गरिन्छ । यस अध्ययन अनुसन्धानलाई मजबुत बनाउन सहयोग पुग्ने पुस्तक र शोधपत्रको अध्ययन गरी आवश्यक सामग्री लिन सकिन्छ ।

अनुसन्धानकर्ताले अनुसन्धेय विषयका क्षेत्रमा त्यस पूर्व भएका अनुसन्धान, लेख र सैद्धान्तिक ग्रन्थ लगायतका सामग्रीहरू अध्ययन विश्लेषण गरेर आवश्यक छोटो टिप्पणीसहित समीक्षा गर्नु आवश्यक हुन्छ । पूर्वकार्यको अध्ययनले शोधार्थीलाई सही र गलत पहिचान गरी अगाडि बढ्न सहयोग गर्दछ । साथै उचित प्रक्रिया र स्रोतको छनोट गर्न पनि यसले विशेष भूमिका निर्वाह गर्दछ ।

अनुसन्धानमा पूर्वकार्यको अध्ययनले अनुसन्धानकर्तालाई मार्ग निर्देशन गर्दछ । त्यसले यो खोज कार्यका लागि पूर्व योजना एवम् निर्देशिक हो पनि भन्न सकिन्छ । अनुसन्धेय विषयमा भएका पुराना तथ्यहरूको खाजी गरेर पुर्नव्याख्या गर्न पनि पूर्वकार्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस शोधको सन्दर्भमा पूर्वकार्यको समीक्षाले प्रस्तुत गर्न लागिएको निवेदन लेखन क्षमताको अध्ययनमा तयार गर्दा आवश्यक पर्ने सैद्धान्तिक आधार तयार गर्न, समस्याको विशिष्टीकरण गर्न, परिभाषीकरण गर्न विश्लेषण गर्न विधि छनोट गर्न शोधको सान्दर्भिकता र उपादेयता पुष्टि गर्न, शोधको रूपरेखा तयार गर्न तथा समस्या समाधानका उपायहरू दिने जस्ता कार्यका लागि पूर्वकार्य समीक्षाको महत्त्व  देखिन्छ । यस आधारमा शोधकार्यलाई आवश्यकीय तत्त्वयुक्त बनाई सान्दर्भिक तरिकाले पुष्टि गरी अर्थपूर्ण र व्यवस्थित बनाउन शोधकार्यमा पूर्वकार्य समीक्षा अत्यन्त महत्त्व रहेको छ ।

## २.३ अवधारणात्मक ढाँचा

प्रस्तुत शोध सम्पन्न गर्ने क्रममा सुरुमा आधारणत्मक ढाँचा वा स्वरूपको निरूपण गर्नु आवश्यक भएकाले अवधारणात्मक ढाँचाअन्तर्गत निवेदन लेखनको परिचय, निवेदनको प्रकार, निवेदनका अङ्गहरू, निवेदनको ढाँचा, निवेदनको महत्त्व र उपयोगिता र विद्यालय

तहमा निवेदन शिक्षण क्रियाकलापका बारेमा व्याख्या गरिएको छ । यी कुराहरूलाई विभिन्न उपशीर्षकमा उल्लेख गरिएको छ ।

### २.३.१ निवेदन लेखनको परिचय

भाषाका चार सीपहरूमध्ये लेखन सीप सबैभन्दा उच्च तहको सीप हो । यो सीप प्रदानात्मक सीप हो । लेखाइ सीप विकासका लागि अन्य तीन भाषिक सीपको समेत पूर्वअभ्यास भैंसकेको हुनुपर्दछ । लेखन सीप अनुभव र ज्ञानको अभिव्यक्त गर्ने माध्यम मात्र नभई ती अनुभव भावना र ज्ञानको प्रचारप्रसार एवम् सम्भार गर्ने माध्यम पनि हो । लेखन सीप व्यवहारिक क्रियाकलाप पनि हो ।

निवेदन भनेको एक प्रकारको पत्र रचना नै हो । व्यापारिक र कार्यालयीय गरी दुई प्रकारका छन् । निवेदन अन्तर्गत व्यापारिक र कार्यालयीय पर्दछन् । कार्यालयीय चिठी कार्यालयले कार्यालयलाई, कार्यालयले व्यक्तिलाई र व्यक्तिले कार्यालयलाई लेख्ने ढाँचा र नमुनामा आधारित हुन्छ । व्यक्ति वा समूहले कार्यालयलाई लेख्ने चिठीलाई निवेदन वा दर्खास्त पनि भनिन्छ । कुनै कुराको जोड सहयोग, सल्लाह, सुझाव, निर्देशन, सुचना, अनुरोध, जस्ता विषयवस्तु कार्यालयीय चिठीमा पर्दछ (पौडेल,२०७०: ९६) । कार्यालयीय चिठी भनेको नितान्त औपचारिक किसिमको हुन्छ । यो कार्यालयीय प्रयोजनको लागि मात्र उपयोगी हुन्छ ।

कार्यालयीय चिठी र व्यापारिक चिठी खास ढाँचामा लेखिने निर्वैयक्तिक र औपचारिक प्रकृतिको लेखन हो । निवेदन लेखनमा खास ढङ्ग ढाँचाको विशेष महत्त्व हुन्छ । मिति, ठेगाना, सम्बोधन, विषय, विषयवस्तु लेख्नुपर्दछ । छोटो स्पष्ट र बुझ्िने हुनुपर्दछ । कुनै व्यक्तिद्वारा आफ्नो सरोकार रहेको कार्यालयको प्रमुख समक्ष केही कुराको माग गर्दै लेखिने पत्रलाई निवेदन भनिन्छ । निवेदन सकेसम्म एकै पृष्ठमा सकिने छोटो स्पष्ट र बुझिने हुनुपर्छ । निवेदनमा सम्बोधन लेख्दा सुरूमा श्री, श्रीमान्, माननीय, आदरणीय आदि लेखि आफ्नो नाम लेखेर हस्ताक्षर गरिन्छ (ढुङ्गेल र अन्य, २०६९ : १८५) । खास गरी कार्यालयीय पत्रअन्तर्गत निवेदनलाई लिन सकिन्छ । निवेदन व्यक्तिगत प्रयोजनको लागि नभई कार्यालयीय प्रयोजनको लागि तयार पारिन्छ ।

निवेदन वा कार्यालयीय, व्यापारिक चिठी लेखपढ गर्न जान्ने सबै मानिसले व्यवहारमा उपयोग गर्न सक्छन् भन्न सकिदैंन । यसको जति धेरै व्यवहारिक रूपमा अभ्यास

गरिन्छ । त्यति नै लेखाइ सीपको विकास हुन्छ । निवेदनको विशेषता भनेको औपचारिक, शिष्ट, स्पष्ट र सङ्क्षिप्त हो । यसैलाई मनन गरेर लेखिएको निवेदनले सरल रूपमा सम्बन्धित व्यक्ति वा संस्थालाई भन्न खोजेको कुरा बुझाउन सकिन्छ । यसले व्यावहारिक समस्या समाधान मद्दत गर्दछ ।

### २.३.२ निवेदनका प्रकार

निवेदन अनुरोधमूलक औपचारिक पत्र हो । निवेदनलाई कार्यालयीय र व्यापारिक गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ (एटम र बराल, २०५७ : १२७)। लेख्ने लेखिने विषय सन्दर्भ संस्था, प्रयोजनक, सम्बन्ध, कार्य, आवश्यकता आदिका आधारमा निवेदन निम्नलिखित दुई प्रकारका हुन्छन्

**(क) कार्यालयीय चिठी**

कार्यालयीय पत्र एउटा कार्यालयले अर्को कार्यालयलाई लेख्ने गर्दछ । एउटा विभागले अर्को विभागलाई, कार्यालयले सर्वसाधारण नागरिकलाई, नागरिकाले कार्यालयलाई एउटा संस्थाले अर्को संस्थालाई कामको सिलसिलामा आउने प्रशासनिक प्रक्रिया र गतिविधिलाई समेटिन्छ । कार्यालयीय चिठी निवेदन र प्रशासनिक पत्र गरी दुई प्रकारको हुन्छ ; जस्तै : बिरामी बिदा पाऊँ भन्ने विषयमा लेखिएको कार्यालयीय निवेदन हो भने, छात्रावृति उपलब्ध गराइदिनु हुन अनुरोध जस्तो विषयमा लेखिएको पत्र प्रशासनिक पत्र हो ।

**(ख) व्यापारिक चिठी**

व्यापारिक चिठीलाई व्यावसायिक चिठी पनि भनिन्छ । व्यापारिक प्रयोजनका लागि उद्योग व्यावसायी र व्यापारी आदिलाई लेख्ने पत्र नै व्यापारिक पत्र हो । व्यापारिक चिठी निर्वैयक्तिक र औपचारिक प्रकृतिको हुनुको साथै यसमा सरल भाषाको प्रयोग गरिन्छ । यस्ता चिठी निर्देशित किसिमको ढाँचामा बाँधिएर लेखिएका हुन्छन् । जस्तै : पुस्तकहरू पठाइदिन बारे ; विषयमा लेखिएको चिठी यसअन्तर्गत पर्दछ ।

### २.३.३ निवेदनका अङ्गहरू

लेखनकलाको विकास गर्नमा निवेदनको महत्त्वपूर्ण स्थान रहेको छ । व्यवाहारिक जीवनमा आइपर्ने लेखनसम्बन्धी समस्या समाधान गर्न निवेदन सहयोगी बन्दछ । यो

औपचारिक र व्यवस्थित प्रकृतिको हुन्छ । निश्चित नियम र अङ्गहरूका आधारमा निवेदन रचना गर्न सकिन्छ । निवेदनका अङ्गहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ:

(क) **मिति**

निवेदन कुन साल, महिना, गते र बारमा लेखिएको हो भनी थाहा पाउनको लागि निवेदनको सुरुमा दाहिनेपट्टि मिति लेख्ने गरिन्छ । यो निवेदनको अनिवार्य एवम् महत्त्वपूर्ण अङ्ग हो जस्तै : २०७४/०३/११, २०७४/०४/०७

(ख) **सम्बोधन**

निवेदन कुनै पनि कार्यलय प्रमुखलाई लेखिन्छ । निवेदनमा गरिने सम्बोधनबाट व्यक्तिको पद र पेसा थाहा पाउन सकिन्छ । मितिभन्दा ठिक तल देब्रेपट्टिबाट सुरुमा सम्बोधन गरिन्छ । कार्यालय प्रमुखको पद वा ओहदा लेखिन्छ । सम्बोधन गर्ने विभिन्न तरिका हुन्छ । जस्तै : श्रीमान् क्याम्पस प्रमुख ।

(ग) **ठेगाना**

सम्बोधनभन्दा मुनि कार्यालय वा संस्थाको नाम लेखिन्छ । यसभन्दा मुनि कार्यालय वा संस्था अवस्थित स्थानको पूरा ठेगाना लेखिन्छ । कार्यालयको नाम लेखेर अल्पविराम दिइन्छ अनि त्यसको ठिक तल कार्यालय रहेको ठाउँको नाम लेखी अल्पविराम दिइन्छ । त्यसपछि कार्यालय अवस्थित जिल्लाको नाम लेखिन्छ पूर्णविराम गरिन्छ । यसबाट कार्यालय कुन स्थान वा ठाउँ र जिल्लामा रहेको छ भन्ने कुराको जानकारी पाउन सकिन्छ, जस्तै : दमौली, तनहुँ ।

(घ) **विषय**

निवेदन कुन उद्देश्यले लेखिएको हो कुन कुराको माग, सूचना, निर्देशन, अनुरोध, आवेदन आदि गरिएको हो, सो कुरालाई विषय खण्डमा लेखिन्छ । यो एक वाक्यसम्मको लामो हुन्छ । निवेदनको विषय अनेका हुन्छन । निवेदनको विषय लेखिसकेपछि अन्तिममा पूर्णविराम गरिन्छ । जस्तैः विरामी विदा पाउँ । छात्रवृत्ति उपलब्ध गराइदिनु हुन ।

(ङ) **विषयवस्तु**

निवेदन कुन सन्दर्भमा के उद्देश्यले लेख्न लागिएको, त्यसको विस्तृत विवरणका साथ प्रस्तुत गरिन्छ । यसमा मुल विषयलाई सरल र स्पष्ट भाषामा मर्यादित ढङ्गले विस्तार गरिन्छ । यो पुनः सम्बोधन लेखपछि सम्बन्ध ज्ञापन गर्नुभन्दा पूर्वको भाग हो ।

(च) **समापन**

समापन खण्ड निवेदनको अन्तिम भाग हो । पत्र लेख्ने व्यक्तिको नाम, पद, ठेगाना, समेत उल्लेख गरिन्छ । जस्तै आज्ञाकारी छात्रा सीता थापा ।

### २.३.४ निवेदनको ढाँचा

उल्लिखित निवेदनका अङ्गहरू एक आपसमा सम्बन्धित रहेका हुन्छन् । निवेदनको सबै अङ्गहरू समष्टिगत रूपमा रहेका हुन्छन् । निवेदनको अङ्गहरूको स्वरूप निम्नलिखित छन् :

मति : २०७४/०३ /१६

सम्बोधन : श्रीमान् प्रधानाध्यापक,

ठेगाना : श्री दीपशिखा अवासीय विद्याल,

दमौली, तनहुँ ।

विषय : विरामी विदा पाउँ ।

पुनः सम्बोधन : महोदय,

विषयको विस्तार...........................................................................................
.............................................................................................................................
...........................................................................................समापन

आज्ञाकारी छात्र

सीता थापा

कक्षा : ७

### २.३.५ निवेदनको महत्त्व र उपयोगिता

लेखाइ सीप विकासका लागि निवेदन लेखनलाई विशिष्ट क्रियाकलापका रूपमा लिइन्छ, निवेदन लेखन क्षमताले भाषिक लेखाइ सीपसँग साझो सम्बन्ध राख्दछ । भाषाका चारवटा सीपहरू एक आपसमा अर्न्तसम्बन्धित छन् । लेखाइ र बोलाइ भाषाका प्रदानात्मक सीप हुन्, जसले विचारको सम्प्रेषण गर्दछन् । लेखाइ सीपको विकासमा निवेदन लेखनले

महत्त्वपूर्ण र आधार प्रदान गर्दछ । प्रस्तुत लेखको महत्त्व  उपयोगिता यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

(क) निवेदनलेख्ने ढाँचासँग परिचित हुनु ।

(ख) विभिन्न व्यक्ति र संस्थाअनुसार सम्बोधन गरी निवेदन लेखन सक्ने बन्नु ।

(ग) आफ्ना मनका भावनाहरू सरल तरिकाले लेखेर व्यक्त गर्न सक्ने क्षमताको विकास गर्नु ।

(घ) जागिरको लागि विभिन्न कार्यालयमा आवेदन दिन ।

(ङ) स्वतन्त्र तथा निर्देशित लेखन क्षमताको विकास गर्न ।

(च) समग्र लेखन सीपको विकास गराउन ।

### २.३.६ विद्यालय तहमा निवेदन शिक्षण क्रियाकलाप

निवेदन शिक्षण गर्दा विभिन्न विषयमा निवेदन लेखन अभ्यास गराउनु राम्रो हुन्छ । निवेदन शिक्षण गर्दा निवेदनका अङ्ग चिनाउने र निवेदन लेख्न जस्ता क्रियाकलापहरू मुख्य मानिन्छन् । यस विधिबाट मूलतः लिखित अभिव्यक्ति सीपको विकास हुने भए पनि अन्य भाषिक सीपहरूको विकास गराउन समेत सकिन्छ । उच्चारण, शब्दार्थ र व्याकरण निवेदन पाठका अपेक्षित पक्ष हुन् । यसर्थ निवेदन शिक्षणमा लिखित अभिव्यक्तिको शुद्धीकरण, निवेदनको ढङ्गढाँचाको जानकारी र भाषिक सीप विकासका क्रियाकलाप आवश्यक  हुन्छन् ।

विद्यार्थीहरूमा निवेदन लेखन क्षमता विकास गर्न शिक्षकले प्रभावकारी रूपले निवेदन शिक्षण गर्नुपर्दछ । निवेदन शिक्षण गर्दा सर्वप्रथम शिक्षकले विद्यार्थीहरूलाई विभिन्न विषयमा आधारित भई लेखिएका निवेदनहरूको ध्यानपूर्वक अध्ययन गर्न लगाई तिनका अङ्ग, ढाँचा तथा लेखन शैलीबारेमा परस्परमा छलफल एवम् अन्तर्क्रिया गराउनु आवश्यक हुन्छ । आधारभूत तह कक्षा सातको हाम्रो नेपाली किताब शिक्षक निर्देशिकामा निवेदन शिक्षण गराउँदा अपनाउन सकिने शिक्षण क्रियाकलापहरू यसप्रकार रहेका छन् :

) शिक्षकले निवेदनको नमुना फलाटिन पाटीमा टाँसेर प्रस्तुत गर्दै त्यसको ढाँचाका बारेमा छलफल गराउने र निवेदनका अङ्गबारे परिचित गराई सोही ढाँचामा अन्य निवेदनहरू लेख्न लगाउने,

- निवेदनका प्रमुख अङ्गहरू छ्यासमिस गरी छुट्टाछुट्टै रूपमा फलाटिना पाटीमा प्रस्तुत गर्नु र कक्षालाई पनि विभिन्न समूहमा विभाजित गरी प्रत्येक समूहलाई निवेदनको पूर्ण रूपमा तयार गर्न लगाउने ,
- कुनै एक विषयमा विद्यार्थीहरूलाई निवेदन रचना गर्न लगाउँदै विद्यार्थीहरूले लेखेका निवेदनबारे पृष्ठपोषण दिई पुनः अर्को भिन्न विषयमा निवेदन लेख्न लगाउने ,
- पाठ्यपुस्तकमा समावेश गरिएका वा सामग्रीका रूपमा ल्याइएका अन्य निवेदनहरू प्रस्तुत गरेर सस्वरवाचन गरी सुनाउने,
- सामग्रीका सहायताले चिठीका ढाँचा, चिठीमा लेखिएका मुख्यमुख्य व्यहोरा विद्यार्थीहरूलाई भन्न लगाउने साथै निवेदनमा प्रयुक्त कठिन शब्दहरू पाटीमा टिप्न लगाउने र शिक्षकले शाब्दार्थ बताउँदै विद्यार्थीहरूलाई अभ्यास पुस्तिकामा लेख्न लगाउने,
- विभिन्न स्रोतबाट सङ्कलन गरिएका निवेदनका फरकफरक नमुना दिई त्यसलाई पढन लगाइ सोही बमोजिम कुनै विषय दिएर निवेदन लेख्न लगाएर र कक्षामा प्रस्तुत गरी छलफल गराएर आवश्यकताअनुसार सुधार गर्न लगाउने आदि ।

## २.४ निष्कर्ष

निवेदन लेखनले लेखाइ सीपको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । स्वतन्त्र र निर्देशित दुवै तरिकाले निवेदन लेखन सीपको विकास गराउन सकिन्छ । जागिरको लागि मात्र नभएर व्यावहारिक जीवनमा आइपर्ने समस्याहरूको समाधानका लागि उपयुक्त ढाँचामा निवेदन लेखन सीपको विकास हुने गर्दछ । कार्यालय तथा संस्थामा बढ्दो कामले गर्दा निवेदन लेखनको महत्त्व झन्झन् बढदै गएको छ । मौखिक रूपमा कुरा गर्नुभन्दा एउटा भरपर्दो र विश्वासिलो माध्यमका रूपमा निवेदनलाई लिन सकिन्छ । स्वतन्त्र र निर्देशित दुवै तरिकाले निवेदन लेखन सीपको विकास गराउन सकिन्छ । निवेदन लेखनको निरन्तर अभ्यासले व्यवहारिक प्रयोगमा आउने विभिन्न निवेदन लेखनमा सहयोग पुऱ्याउँदछ । निवेदन कुनै विषयमा केन्द्रित रहेर निश्चित ढाँचामा लेख्ने गरिन्छ । सुरुमा मिति, सम्बोधन, ठेगाना तथा विषय उल्लेख गरिन्छ । मध्यभागमा विषयको विस्तार गरिन्छ र अन्त्य भागमा निवेदकको परिचय गरिन्छ । यस लेखमा निवेदनको परिचय, महत्त्व उपयोगिता, अङ्गहरूको व्याख्या र निवेदनको ढाँचाका बारेमा लेखिएको छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

प्रस्तुत शोधकार्य क्षेत्रीय अध्ययन विधिबाट सम्पन्न गरिएको छ साथै नमुना छनोटमा परेका समग्र विद्यार्थीहरूलाई सरल यादृच्छिक नमुना छनोट विधिअन्तर्गतको चिट्ठा प्रणाली अपनाइ तथ्याङ्क सङ्कलन गरिएको छ । कुनै पनि कार्य गर्दा पूर्वयोजना गर्नाले सो कार्य व्यवस्थित साथै विश्वसनीय हुन्छ । प्रस्तुत अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म कुन कुन विधि अपनाउने भन्ने बारेमा उल्लेख गर्नु आवश्यक भएकाले अध्ययनका क्रममा गरिने कार्यहरूलाई यसप्रकार उल्लेख गरिएको छ :

## ३.२ जनसङ्ख्या पहिचान

प्रस्तुत शोधकार्यको अध्ययनका लागि तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई पूर्ण जनसङ्ख्याको रूपमा लिइएको छ तर तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत पूर्ण जनसङ्ख्यालाई आधार मानी शोधकार्य गर्न सम्भव नभएकाले उक्त जिल्लाका दुईओटा नगरपालिका भित्रका पाँचओटा संस्थागत र पाँचओटा सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा समावेश गरी अध्ययन गरिएको छ ।

## ३.३ नमुना छनोट

प्रस्तुत शोध तनहुँ जिल्लाका सम्पूर्ण जनसङ्ख्यालाई समेटेर अध्ययन गर्न सम्भव नभएकाले व्यास नगरपालिका र म्याग्दे गाउँपालिकाका १० ओटा विद्यालयलाई मात्र नमुना छनोटको रूपमा लिइएको छ । उक्त नगरपालिकाभित्र पर्ने सामुदायिक र संस्थागत विद्यालय दुवैलाई छनोट गरिएको छ । छनोटमा परेका प्रत्येक विद्यालयबाट १०/१० जना गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिइएको छ । यसअन्तर्गत ५० जना छात्र र ५० जना छात्रालाई छनोटको रूपमा समावेश गरी निवेदन लेखन क्षमताको विश्लेषण प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## ३.४ सामग्री सङ्कलनका साधनहरू

प्रस्तुत शोधकार्य पुरा गर्नका लागि प्राथमिक र द्वितीयक सामग्रीको अवलम्बन गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोतका सामग्रीहरू

प्रस्तुत शोधकार्यमा आवश्यक तथ्याङ्क सङ्कलन गर्नका लागि प्राथमिक स्रोतका रूपमा मुख्य स्रोत शोधकर्ता स्वयम् भएकाले विद्यालयहरूमा पुगी अवलोकनबाट प्राप्त सूचनाहरू प्राथमिक सामग्रीका रूपमा रहेका छन् ।

### ३.४.२ द्वितीयक स्रोतका सामग्रीहरू

प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका लागि द्वितीयक सामग्रीको रूपमा शोधपत्र, सैद्धान्तिक पुस्तक र पत्रपत्रिकामा प्रकाशित लेख साथै निर्देशकका निर्देशन र राय सुझाउ आदि रहेका छन् ।

## ३.५ सामग्री निर्माण

प्रस्तुत अध्ययन विद्यार्थीहरूको परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने प्रकृतिको भएकाले परीक्षणका लागि प्रश्नको रूपमा अवलोकन फारम बनाइएको छ । उक्त कार्य गर्दा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा आधारित रहेर दुईवटा प्रश्न निमार्ण गरिएको छ ।

## ३.६ पूर्वपरीक्षण र मानकीकरण

प्रस्तुत शोधकार्यको अध्ययनमा विद्यार्थीहरूको निवेदन लेखनसम्बन्धी क्षमताको परीक्षण तथा तथ्याङ्क सङ्कलन गर्नुपर्ने भएकाले परीक्षण प्रश्नपत्र बनाइ १० जना विद्यार्थीहरूमा प्रश्नको कठिनाइ स्तर पत्ता लगाउन पूर्वपरीक्षण गरिएको छ । उक्त निवेदन लेखनको परीक्षण गर्न कक्षा अवलोकन फारम बनाइ परीक्षण गरिएको छ । उक्त तयार गरिएको अवलोकन फारम शोधनिर्देशक, विषय विशेषज्ञ र शिक्षकको परामर्शमा आवश्यक परिमार्जनसहित अन्तिम रूप दिइएको छ ।

## ३.७ परीक्षणको कार्यान्वयन

प्रस्तुत शोधकार्यका लागि परिक्षणीय सामग्रीलाई अन्तिम रूप प्रदान गरी सकेपश्चात सम्बन्धित प्रधानाध्यापक एवम् विषय शिक्षकहरूसँग सम्पर्क गरी विद्यार्थीहरूमा परीक्षण गर्नका लागि समय उपलब्ध गराई दिन अनुरोध गरिसकेपछि विद्यार्थीहरूलाई निवेदन लेखनको लागि सहज वातावरण उपलब्ध गराइएको छ । परीक्षा सञ्चालन हुनुपूर्व नै परीक्षा सञ्चालनको क्रममा उनीहरूले पालना गर्नु पर्ने नियमहरूका बारेमा जानकारी गराई परीक्षाको निश्चित समय अवधि तोकिएको छ । त्यसपछि प्रश्नपत्रलाई परीक्षणको

लागि अध्ययन गर्ने क्षेत्रमा गई प्रत्येक विद्यालयका ५ जना छात्र र ५ जना छात्रा गरी एउटा विद्यालयका जम्मा १० जना विद्यार्थीका दरले १०० जना विद्यार्थीहरूमा परीक्षणको कार्यन्वयन गरिइएको छ ।

## ३.८ उत्तरपुस्तिका परीक्षण

परीक्षा सम्पन्न भएपश्चात् विद्यार्थीहरूले दिएका उत्तरपुस्तिका परीक्षण गरी त्यसबाट प्राप्त अङ्कलाई नै यस अध्ययनको तथ्य मानिएको छ । उत्तरपुस्तिकामा निवेदनको संरचना वा ढाँचा (मिति, सम्बोधन, विषय, पुनः सम्बोधन, आरम्भ, प्रस्तुती समापन) १० अङ्क, विषयवस्तुको स्पष्टता ५ अङ्क, प्रस्तुतिशौली वा मौलिकता ५ अङ्क, भाषिक शुद्धता ५ अङ्क प्रदान गरी उत्तरपुस्तिका परीक्षण गरिएको छ ।

## ३.९ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययन तनहुँ जिल्लाका कक्षा सातमा अध्यययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको स्थिति के कस्तो छ भन्ने कुराको विवरणात्मक तरिकाले विभिन्न शीर्षकअनुसार बेग्लाबेग्लै व्याख्या तथा विश्लेषण गरिएको छ । चार तहमा विभाजन गरिएको छ । ० देखि ३९ सम्म निम्नस्तर, ४० देखि ५९ सम्म मध्यम स्तर, ६० देखि ७९ सम्म उच्चस्तर र ८० देखि माथि अतिउच्चस्तर गरि प्रतिशतमा वर्गीकरण अध्ययन र विश्लेषण गरिएको छ । उक्त सङ्कलित तथ्याङ्कलाई लैङ्गिकता र विद्यालयको प्रकृतिका आधार भाषिक दृष्टिकोणको अधारमा अध्ययन विश्लेषण गरिएको छ साथै उक्त विश्लेषणबाट आएको सङ्ख्यालाई प्रतिशतमा रूपान्तरण गरी मध्यमान र मानक विचलन सहित वृत्तचित्रमा छुट्टाछुट्टै रूपमा समेत देखाइ व्याख्या विश्लेषण गरिएको छ । निवेदन लेखन क्षमता अवधारणात्मक ढाँचाअन्तर्गत व्याख्या विश्लेषण गर्ने क्रममा निगमनात्मक विधिको प्रयोग गरिएको छ भने तथ्याङ्कको व्याख्या विश्लेषण गरी विद्यार्थीहरूको क्षमताको निष्कर्ष निकाल्नका लागि आगनात्मक विधिकोसमेत प्रयोग गरिएको छ ।

**अध्याय चार**

# समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन

## ४.१ पृष्ठभूमि

प्रस्तुत अध्याय जनसङ्ख्या छनोटमा परेका तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको व्याख्या तथा विश्लेषणमा केन्द्रित छ । यस शोध अध्ययनका लागि छनोटमा परेका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ५० छात्रा र ५० छात्र गरी जम्मा १०० जना विद्यार्थीहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको स्थितिलाई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । उक्त तथ्याङ्कको विभिन्न उपशीर्षकहरूमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

## ४.२ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमता

विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका १०० जना विद्यार्थीहरूलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा यसप्रकार उल्लेख गरिएको छ :


**तालिका सङ्ख्या - १**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.स | १ देखि ३९सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० देखि बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २१ | २१ | ५१ | ५१ | २४ | २४ | ४ | ४ |

**चित्र सङ्ख्या - १**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत स्तम्भचित्र र तालिका प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका १०० जना विद्यार्थीहरूको निवेदन लेखन क्षमतालाई चार श्रेणी निर्धारण गरी प्रस्तुत गरिएको छ । यसअनुसार ३९ भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २१ (२१ प्रतिशत) रहेको पाइन्छ भने ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५१ (५१ प्रतिशत) रहेको पाइन्छ । त्यस्तै ६० देखि ७९सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २४ (२४ प्रतिशत) रहेको पाइन्छ भने ८० देखि बढीसम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४ (४ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू २१ प्रतिशत र मध्यम स्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ५१ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी उच्चस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू २४ प्रतिशत रहेको पाइन्छ भने अति उच्चस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा निम्न र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरू ७२ प्रतिशत रहेको देखिन्छ भने उच्च र अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू २८ प्रतिशत रहेकाले समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ ।

## ४.३ मध्यमान र माानक विचलनको आधारमा समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमता

यस क्रममा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र माानक विचलनको आधारमा पनि गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई यसप्रकार तालिकीकरण गरी विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या -२**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.स. | मध्यमान | मानक विचलन | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङख्या | प्रतिशत |
| १०० | ५१.१४ | ११.२७ | ५२ | ५२ | ४८ | ४८ |

**चित्र सङ्ख्या - २**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**



प्रस्तुत वृत्तचित्र र तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका १०० जना विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मध्यमान ५१.१४ प्रतिशत र मानक विचलन ११.२७ रहेको छ । समग्र मध्यमानलाई आधार मान्दा उक्त मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४८ (४८ प्रतिशत) र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्नेभन्दा विद्यार्थीहरूको सङ्ख्या ५२ (५२ प्रतिशत) पाइन्छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्याभन्दा ४ (४ प्रतिशत) ले बढी देखिएकाले विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यमभन्दा केही मात्र राम्रो रहेको देखिन्छ । समग्र मानक विचलन ११.२७ रहेकाले यस आधारमा पनि विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यम स्तर रहेको पाइन्छ ।

## ४.४ निष्कर्ष

यस अध्यायमा समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको आधारमा अध्ययन विश्लेषण गरिएको छ । उक्त अध्ययनमा समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमतालाई हेर्दा ६० देखि बढी अङ्क प्रप्त गर्ने विद्यार्थीहरूको (२८ प्रतिशत) रहेकाले निवेदन लेखन क्षमता उच्चस्तर रहेको पाइन्छ । यसै गरी मध्यमानका आधारमा हेर्दा मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने ४८ र बढी अङ्क प्राप्त गर्ने  ५२ भएको हुँदा निवेदन लेखन क्षमतामा केही मात्र फरक देखिन्छ । यसरी समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमतालाई हेर्दा मध्यम स्तरको पाइन्छ । यसै गरी विचलन ११.२७ लाई आधारमा हेर्दा पनि विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यम स्तरको देखिन्छ ।

## अध्याय पाँचा

# विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन

## ५.१ पृष्ठभूमि

यस अध्यायमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ । अतः यहाँ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको सुरुमा छुट्टाछुट्टै र त्यसपछि ती विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ ।

## ५.२ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता

यस उपशीर्षकमा सामुदायिक विद्यालयका ५० विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । उक्त विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - ३**

**प्रतिशतका आाधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.स. | १ देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० देखि बढी | |
|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | १४ | २८ | २६ | ५२ | ८ | १६ | २ | ४ |

**चित्र सङ्ख्या - ३**

**प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत स्तम्भचित्र र तालिकाको तथ्याङ्कअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १४(२८ प्रतिशत) रहेको छभने ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २६ (५२ प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ (१६ प्रतिशत) रहेको छ भने ८० देखि बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू २४ प्रतिशत र मध्यम स्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ५२ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्चस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू १६ प्रतिशत रहेका छन् भने अति उच्चस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ४ प्रतिशत रहेका छन् । यसरी समग्रमा हेर्दा निम्न र मध्यम स्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू धेरै (८० प्रतिशत) तथा उच्च र अति उच्चस्तरको निवेदन लेखन क्षमता भएका

विद्यार्थीहरू थोरै(२० प्रतिशत) रहेको हुँदा सामुदायिक विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यमभन्दा केही न्यूनस्तरको रहेको पाइन्छ ।

## **५.३ मध्यमान र विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता**

यस उपशीर्षकमा सामुदायिक विद्यालयका ५० विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - ४**

**मध्यमान र विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.स. | मानक विचलन | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १३.०६ | ४८.२६ | २४ | ४८ | २६ | ५२ |

**चित्र सङ्ख्या - ४**

**मध्यमान र विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**



यस वृत्तचित्र र तालिकामा प्रस्तुत गरिएअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मध्यमान ४८.२६ रहेको छ भने मानक विचलन १३.०६ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमानभन्दा कम ४८ प्रतिशत र मध्यमानभन्दा बढी ५२ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यमानभन्दा ४ प्रतिशतले बढी रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यमभन्दा केही मात्र राम्रो रहेको पाइन्छ । त्यस्तै मानक विचलन १३.०६ देखिनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता खासै राम्रो रहेको पाइँदैन ।

## ५.४ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका ५० विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ संस्थागत विद्यलयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - ५**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.स. | १ देखि३९ सम्म | | ४०देखि ५० सम्म | | ६०देखि७९ सम्म | | ८० देखि बढी | |
|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ७ | १४ | २५ | ५० | १६ | ३२ | २ | ४ |

**चित्र सङ्ख्या - ५**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत स्तम्भचित्र र तालिकाको तथ्याङ्कअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ७ (१४ प्रतिशत) रहेको छ भने ४० देखि ५९सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २५ (५० प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १६ (३२ प्रतिशत) रहेको छ भने ८० देखि बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू १४ प्रतिशत र मध्यम स्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ५० प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्चस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ३२ प्रतिशत रहेको पाइन्छ भने अति उच्चस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइन्छ । समग्रमा हेर्दा निम्नस्तर र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरू ६४ प्रतिशत रहेको पाइन्छ भने उच्च र अति उच्चस्तर क्षमता भएका विद्यार्थीहरू ३६ प्रतिशत रहेको हुँदा संस्थागत विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ ।

## ५.४ मध्यमान र विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता

यस उपशीर्षकमा संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - ६**

**मध्यमान र विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.स. | मान विचलन | मध्यमान | मध्यमानभन्दा बढी | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ११.५४ | ५४.१३ | २२ | ४४ | २८ | ५६ |

**चित्र सङ्ख्या - ६**

**मध्यमान र विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**



प्रस्तुत वृत्तचित्र र तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मध्यमान ५४.१३ रहेको छ भने मानक विचलन ११.५४ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरू मध्यमानभन्दा कम ५६ प्रतिशत र मध्यमानभन्दा बढी ४४ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यमानभन्दा १२ प्रतिशतले बढी रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ । मानक विचलनलाई ११.५४ देखिनुले यसको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता मात्र राम्रो देखिन्छ ।

## ५.५ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलना

यस उपशीर्षकमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - ७**

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| विद्यालय प्रकृति | मध्यमान | मानक विचलन |
|---|---|---|
| सामुदायिक (५०) | ४८.२६ | १३.०६ |
| संस्थागत (५०) | ५४.१३ | ११.५४ |

चित्र सङ्ख्या - ७

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत स्तम्भचित्र र तालिकाअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या १०० रहेकोमा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मध्यमान ४८.२६ रहेको छ भने संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको मध्यमान ५४.१३ रहेको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कमा देखिएको मध्यमानलाई आधार मानेर हेर्दा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मध्यमान ५.८७ अङ्कले बढी पाइएकाले सामुदायिक विद्यालयको तुलनामा संस्थातगत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ । त्यस्तै सामुदायिकतर्फका विद्यार्थीहरूको मानक विचलन १३.०६ रहेको देखिन्छ भने संस्थागततर्फका मानक विचलन ११.५४ रहेको छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलनभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन १.५२ कम पाइनुले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## ५.६ निष्कर्ष

विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमतामा ८० देखि बढी अङ्क प्राप्त गर्ने सङ्ख्या २ रहेको र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या पनि २ नै रहेकाले सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता बराबर रहेको पाइन्छ । मध्यमानको आधारमा निवेदन लेखन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मध्यमान ५.८७ ले बढी रहेकाले राम्रो पाइन्छ । मानक विचलनको आधारमा तुलना गर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मानक विचलन १.५२ ले कम रहेकाले राम्रो देखिन्छ

## अध्याय छ

# लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन

## ६.१ पृष्ठभूमि

यस अध्यायमा लैङ्गिकताका आधारमा तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका ५० जना छात्र र ५०जना छात्राहरूलाई प्रतिनिधि नमुना छनोट गरिएको छ । यहाँ सुरुमा ती छात्र र छात्राको निवेदन लेखन क्षमताको छुट्टाछुट्टै अध्ययन गरिसकेपछि अन्त्यमा तुलनात्मक अध्ययनसमेत गरिएको छ । उनीहरूको निवेदन लेखन क्षमतालाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी क्रमशः व्याख्या विश्लेषण गरिएको छ ।

## ६.२ प्रतिशतका आधारमा छात्रहरूको निवेदन लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्रहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ छात्रहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - ८**

**प्रतिशतका आधारमा छात्रहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल छात्रा | १ देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९सम्म | | ८० देखि बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १२ | २४ | २९ | ५८ | ७ | १४ | २ | ४ |

**चित्र सङ्ख्या - ८**

**प्रतिशतका आधारमा छात्रहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत स्तम्भचित्र र तालिकाको तथ्याङ्कअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्रहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १२ (२४ प्रतिशत) रहेको छ भने ४० देखि ५९सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २९ (५८ प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ७ (१४ प्रतिशत) रहेको छ भने ८० देखि बढी अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २ (४ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको निवेदन लेखन क्षमता भएका छात्रहरू २४ प्रतिशत र मध्यमस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ५८ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्चस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ७ प्रतिशत रहेको पाइन्छ भने अति उच्चस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा निम्नस्तरका क्षमता र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरू ८२ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा केही छात्रहरू कमजोर रहेको पाइन्छ भने धेरै छात्रहरू मध्यम स्तरका रहेको पाइन्छ । उच्च र अति उच्चस्तरको क्षमता भएका छात्रहरू १८ प्रतिशत रहेको हुँदा छात्रहरूको निवेदन लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ ।

### ६.२.२ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको निवेदन लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्रहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनका आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - ९**

**मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल छात्र | मानक विचलन | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ११.२७ | ४८.२६ | २८ | ५६ | २२ | ४४ |

**चित्र सङ्ख्या - ९**

**मध्यमान र मानक विचलनका आधारमा छात्रहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत वृत्तचित्र र तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्रहरूको निवेदन लेखन क्षमताको मध्यमान ४८.२६ रहेको छ भने मानक विचलन ११.२७ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा कम क्षमता भएका छात्राहरू ५६ प्रतिशत र मध्यमानभन्दा बढी क्षमता भएका छात्रहरू ४४ प्रतिशत रहेको पाइन्छ । यसरी

हेर्दा निवेदन लेखन क्षमताको मध्यमानभन्दा कम १२ प्रतिशत छात्रहरू रहेकाले उनीहरू निवेदन लेखन क्षमता केही मध्यम स्तरभन्दा पनि केही कमजोर रहेको पाइन्छ । त्यस्तै मानक विचलन ११.२७ देखिनुले यसका आधारमा पनि छात्रहरूको निवेदन लेखन क्षमता खासै राम्रो देखिँदैन ।

## ६.३ प्रतिशतका आधारमा छात्राहरूको निवेदन लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्राहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ छात्राहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - १०**

**छात्राहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल छात्रा | १ देखि ३९कम | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | १० | २० | २२ | ४४ | १६ | ३२ | २ | ४ |

**चित्र सङ्ख्या - १०**

**छात्राहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**



प्रस्तुत स्तम्भचित्र र तालिकाको तथ्याङ्कअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्राहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० (२० प्रतिशत) रहेको छ भने ४० देखि ५९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २२ (४४ प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १६ (३२ प्रतिशत) रहेको छ भने ८० देखि बढी अङ्क प्राप्त गर्ने सङ्ख्या २ (४ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू २० प्रतिशत र मध्यमस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ४४ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्चस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ३२ प्रतिशत रहेको पाइन्छ भने अति उच्चस्तरको निवेदन लेखन क्षमता भएका विद्यार्थीहरू ४ प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा निम्नस्तरका क्षमता भएका विद्यार्थीहरू २० प्रतिशत र मध्यम स्तरको क्षमता भएका विद्यार्थीहरू ४४ प्रतिशत रहेका तथा उच्च र अति उच्चस्तरको क्षमता भएका विद्यार्थीहरू ३६ प्रतिशत रहेको हुँदा छात्रहरूको निवेदन लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ ।

## ६.४ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको निवेदन लेखन क्षमता

यस उपशीर्षकमा ५० जना छात्राहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - ११**

**मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल छात्रा सङ्ख्या | मानक विचलन | मध्यमान | मध्यमानभन्दा बढी | | मध्यमानभन्दा कम | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १२.६६ | ५२.७ | २८ | ५६ | २२ | ४४ |

चित्र सङ्ख्या - ११

मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत वृत्तचित्र र तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना छात्राहरूको निवेदन लेखन क्षमताको मध्यमान ५२.७ रहेको छ भने मानक विचलन १२.६६ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा छात्राहरू मध्यमानभन्दा बढी ५६ प्रतिशत र मध्यमानभन्दा कम ४४ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा छात्राहरूको निवेदन लेखन क्षमता मध्यमानभन्दा १२ प्रतिशतले बढी रहेकाले छात्राहरूको निवेदन लेखन क्षमता केही राम्रो रहेको पाइन्छ । मानक विचलन १२.६६ देखिनुले यसको आधारमा छात्राहरूको निवेदन लेखन क्षमता खासै राम्रो देखिँदैन ।

## ६.५ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन

यस उपशीर्षकमा छात्र र छात्राहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


### तालिका सङ्ख्या -१२

### मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क

| लैङ्गिकता | मध्यमान | मानक विचलन |
|---|---|---|
| छात्र (५०) | ४८.२६ | ११.२६ |
| छात्रा (५०) | ५२.७ | १२.६६ |

### चित्र सङ्ख्या - १२

### मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्राहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क




प्रस्तुत स्तम्भचित्र र तालिकाअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या १०० रहेकोमा ५० जना छात्रहरूको निवेदन लेखन क्षमताको मध्यमान ४८.२६ रहेको छ भने ५० जना छात्राहरूको मध्यमान ५२.७ रहेको छ । छात्रहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कमा देखिएको यस मध्यमानलाई आधार मानेर हेर्दा छात्रभन्दा छात्राको निवेदन लेखन क्षमताको मध्यमान ४.४४ अङ्कले बढी पाइएकाले छात्रको तुलनामा छात्राहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ । त्यस्तै छात्रहरूको मानक विचलन ११.२६ रहेको देखिन्छ भने

छात्राहरूको मानक विचलन १२.६६ रहेको छ । यसरी हेर्दा छात्रहरूको मानक विचलनभन्दा छात्राहरूको मानक विचलन १.३९ कम पाइनुले छात्रहरूको तुलनामा छात्राहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

## ६.६ निष्कर्ष

लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण गर्दा छात्रहरूको निवेदन लेखन क्षमतामा ८० देखि बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २ रहेको र छात्राहरूको सङ्ख्या  पनि २ रहेकाले छात्र र छात्राहरूको निवेदन लेखन क्षमता बराबर रहेको पाइन्छ । मध्यमानको आधारमा निवेदन लेखन क्षमताको तुलना गर्दा छात्रहरूभन्दा छात्राहरूको निवेदन लेखन क्षमताको मध्यमान ४.४४ ले बढी रहेकाले राम्रो पाइन्छ । मानक विचलनको आधारमा तुलना गर्दा छात्रभन्दा छात्राहरूको निवेदन लेखन क्षमताको मानक विचलन १.३९ ले कम रहेकाले राम्रो देखिन्छ ।

## अध्याय सात

# भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमता

## ७.१ पृष्ठभूमि

यस अध्यायमा भाषिक पृष्ठभूमिको आधारमा तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । यस क्रममा ५० /५० जना नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूलाई प्रतिनिधिको रूपमा नमुना छनोट गरिएको छ । यहाँ सुरुमा ती छुट्टाछुट्टै प्रकृतिका विद्यार्थीहरूको अध्ययन गरिसकेपछि अन्त्यमा ती विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन समेत गरिएको छ । यस आधारमा उनीहरूको निवेदन लेखन क्षमतालाई विभिन्न उपशीर्षकहरूमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ७.२ प्रतिशतका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता

यस उपशीर्षकमा ५० जना नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिक सङ्ख्या - १३**

**प्रतिशतका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.स. | १ देखि ३९ सम्म | | ४० देखि ५९ सम्म | | ६० देखि ७९ सम्म | | ८० देखि बढी | |
|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | १३ | २६ | २५ | ५० | १२ | २४ | - | - |

**चित्र सङ्ख्या - १३**

**प्रतिशतका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत स्तम्भचित्र र तालिकाको तथ्याङ्कअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १३ (२६ प्रतिशत) रहेको छ भने ४० देखि ५९सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २५ (५० प्रतिशत) रहेको पाइन्छ । त्यसै गरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १२ (२४ प्रतिशत) रहेको छ भने ८० देखि बढी अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको निवेदन लेखन क्षमता भएका नेपाली मातृभाषी विद्यार्थीहरू २६ प्रतिशत र मध्यम स्तरको निवेदन लेखन क्षमता भएका नेपाली मातृभाषी विद्यार्थीहरू ५० प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्चस्तरको निवेदन लेखन क्षमता भएका नेपाली मातृभाषी विद्यार्थीहरू २४ प्रतिशत र अति उच्चस्तरको निवेदन लेखन क्षमता भएका नेपाली मातृभाषी विद्यार्थीहरू ० प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा निम्नस्तरका क्षमता भएका नेपाालाी मातृभाषी विद्यार्थीहरू २६ प्रतिशत र मध्यम स्तरको क्षमता भएका नेपाली मातृभाषी विद्यार्थीहरू ५५ प्रतिशत रहेको पाइन्छ । त्यस्तै उच्चस्तर क्षमता भएका नेपाली मातृभाषी विद्यार्थीहरू २४ प्रतिशत र अतिउच्चस्तरको क्षमता भएका

नेपाली मातृभाषी विद्यार्थीहरू ० प्रतिशत रहेको हुँदा नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ ।

## ७.३ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता

यस उपशीर्षकमा मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - १४**

**मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल विद्यार्थी | मानक विचलन | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ११.१४ | ५० | ३१ | ६२ | १९ | ३८ |

**चित्र सङ्ख्या - १४**

**मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**



प्रस्तुत वृत्तचित्र र तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मध्यमान ५४ रहेको छ भने मानक विचलन ११.१४ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरू निवेदन लेखन क्षमता मध्यमानभन्दा कम ६२ प्रतिशत र मध्यमानभन्दा बढी ३८ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यमानभन्दा २४ प्रतिशतले कम रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइँदैन । त्यस्तै मानक विचलन ११.१४ देखिनुले यसका आधारमा पनि नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता त्यति राम्रो देखिँदैन ।

## ७.४ प्रतिशतका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता

यस उपशीर्षकमा ५० जना अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण गरिएको छ । यहाँ अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिक सङ्ख्या - १५**

**प्रतिशतका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल वि.स | ३९ देखि कम | | ४०- ५९ सम्म | | ६०- ७९ सम्म | | ८० देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | १० | २० | २४ | ४८ | १२ | २४ | ४ | ८ |

**चित्र सङ्ख्या - १५**

**प्रतिशतका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत स्तम्भचित्र र तालिकाको तथ्याङ्कअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा १ देखि ३९ सम्म अङ्क प्राप्त गर्ने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १० (२० प्रतिशत) रहेको छ भने ४० देखि ५९सम्म अङ्क प्राप्त गर्ने अन्य मातृभाषीहरूको सङ्ख्या २४ (४८ प्रतिशत) रहेको पाइन्छ । त्यसै  गरी ६० देखि ७९ सम्म अङ्क प्राप्त गर्ने अन्य मातृभाषीहरूको सङ्ख्या १२ ( २४ प्रतिशत) रहेको छ भने ८० देखि बढी अङ्क प्राप्त गर्ने अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ४ (८ प्रतिशत) रहेको पाइन्छ ।

यस तथ्याङ्कलाई हेर्दा न्यूनस्तरको निवेदन लेखन क्षमता भएका अन्य मातृभाषी विद्यार्थीहरू २० प्रतिशत र मध्यम स्तरको निवेदन लेखन क्षमता भएका अन्य मातृभाषी विद्यार्थीहरू ४८ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उच्चस्तरको निवेदन लेखन क्षमता भएका अन्य मातृभाषी विद्यार्थीहरू २४ प्रतिशत रहेको पाइन्छ भने अति उच्चस्तरको निवेदन लेखन क्षमता भएका अन्य मातृभाषी विद्यार्थीहरू ८ प्रतिशत रहेको पाइन्छ । यसरी समग्रमा हेर्दा निम्नस्तरका क्षमता भएका अन्य मातृभाषी विद्यार्थीहरू २६ प्रतिशत रहेको पाइन्छ र मध्यम स्तरको क्षमता भएका अन्य मातृभाषी विद्यार्थीहरू ५५ प्रतिशत तथा त्यस्तै

उच्च र अति उच्चस्तर क्षमता भएका अन्य मातृभाषी विद्यार्थीहरू २८ प्रतिशत रहेको हुँदा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ ।

## ७.५ मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता

यस उपशीर्षकमा ५० जना अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - १६**

**मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| कुल विद्यार्थी | मानक विचलन | मध्यमान | मध्यमानभन्दा कम | | मध्यमानभन्दा बढी | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ११.०७ | ५२.७ | २६ | ५२ | २४ | ४८ |

**चित्र सङ्ख्या - १६**

**मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**



प्रस्तुत वृत्तचित्र र तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मध्यमान ५२.७ रहेको छ भने मानक विचलन ११.०७ रहेको छ । मध्यमानलाई आधार मानेर हेर्दा अन्य मातृभाषी विद्यार्थीहरू मध्यमानभन्दा कम ५२ प्रतिशत र मध्यमानभन्दा बढी ४८ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यमानभन्दा ४ प्रतिशतले कम रहेकाले अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता केही राम्रो रहेको पाइन्छ । मानक विचलन ११.०७ देखिनुले यसको आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता त्यति राम्रो देखिदैन ।

## ७.६ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन

यस उपशीर्षकमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूका निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन विश्लेषण मध्यमान र मानक विचलनको आधारमा गरिएको छ । यहाँ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी यसप्रकार विश्लेषण गरिएको छ :


**तालिका सङ्ख्या - १७**

**मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**

| भाषिकता | मध्यमान | मानक विचलन |
| --- | --- | --- |
| नेपाली मातृभाषी(५०) | ५० | ११.१४ |
| अन्य मातृभाषी (५०) | ५२.७ | ११.०७ |

**चित्र सङ्ख्या - १७**

**मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तथ्याङ्क**




प्रस्तुत वृत्तचित्र र तालिकाअनुसार समग्र विद्यार्थीहरूको सङ्ख्या १०० रहेकोमा ५० जना नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मध्यमान ५० रहेको छ भने ५० जना अन्य मातृभाषी विद्यार्थीहरूको मध्यमान ५२.७ रहेको छ । नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूका निवेदन लेखन क्षमताको तथ्याङ्कमा देखिएको मध्यमानलाई आधार मानेर हेर्दा नेपाली मातृभाषीभन्दा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मध्यमान २.७ अङ्कले बढी पाइएकाले नेपाली मातृभाषीको तुलनामा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ । त्यस्तै नेपाली मातृभाषी विद्यार्थीहरूको मानक विचलन ११.१४ रहेको देखिन्छ भने अन्य मातृभाषी विद्यार्थीहरूको मानक विचलन ११.०७ रहेको छ । यसरी हेर्दा नेपाली मातृभाषी विद्यर्थीहरूको मानक विचलनभन्दा अन्य मातृभाषी विद्यर्थीहरूको मानक विचलन ०.०७ कम पाइनुले नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता थोरै मात्र राम्रो रहेको पाइन्छ ।

## ७.७ निष्कर्ष

भाषिकताका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन विश्लेषण गर्दा र नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमतामा ८० देखि बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको र नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २ रहेकाले नेपाली मातृभाषीभन्दा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता उच्च रहेको पाइन्छ । मध्यमानको आधारमा निवेदन लेखन क्षमताको तुलना गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूभन्दा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मध्यमान २.७ ले बढी रहेकाले राम्रो पाइन्छ । मानक विचलनको आधारमा तुलना गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूभन्दा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता ०.०७ ले कम रहेकाले केही राम्रो देखिन्छ ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

प्रस्तुत शोधकार्य **तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमता**को अध्ययनमा केन्द्रित छ । यस शोधकार्यलाई आठवटा अध्यायमा विभाजन गरिएको छ। प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एकको शोधपरिचय शीर्षकअर्न्तगत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, शोधको सान्दर्भिकता र उपादेयता, शोधकार्यको सीमाङ्कन तथा अध्ययनको रूपरेखा उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ । अध्ययनको पृष्ठभूमिअन्तर्गत शोध शीर्षकलाई चिनाउने क्रममा भाषा शिक्षणअन्तर्गत विद्यार्थीहरूको निवेदन लेखन क्षमतको बारेमा चिनारी दिइएको छ । भाषाका चार ओटा सीपहरूमध्ये लेखाइ सीप विकास गर्नका लागि निवेदन लेखनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। निवेदन दुई प्रकारका हुन्छन् । निवेदन निश्चित ढाँचामा लेखिन्छ । तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययनलाई यस शोधकार्यको मूल समस्या बनाइएको छ भने उक्त विद्यार्थीहरूको निवेदन लेखन क्षमतालाई विद्यालयको प्रकृतिको आधारमा, भाषिक पृष्ठभूमि र लैङ्गिकताको आधारमा विद्यार्थीहरू तुलनात्मक अध्ययालाई शोधको प्रश्न बनाइएको छ । यसै समस्यासँग सम्बन्धित उक्त कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमता पत्ता लगाउने उद्देश्यले प्रस्तुत शोधकार्य गरिएको कुरा यस अध्ययमा उल्लेख गरिएको छ । प्रस्तुत शीर्षकमा यसभन्दा अघि तनहुँ जिल्लामा शोध अध्ययन नभएकोले यो शोधकार्य सान्दर्भिक छ। यस क्रममा अध्ययन क्षेत्रका रूपमा तनहुँ जिल्लालाई लिइएको छ । यस अध्ययनमा तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई पूर्णजनसङ्ख्या मानिएको छ । त्यसमा पनि सामुदायिक विद्यालयका ५ र संस्थागत विद्यालयका ५ गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई मात्र सीमित गरिएको छ। यी बाहेक अन्य आधारबाट यस शोधमा अध्ययन गरिएको छैन । शोधपत्रको रूपरेखाअर्न्तगत अध्याय एकमा शोधपरिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा, अध्याय तीनमा विधि र प्रक्रिया, अध्याय चार, अध्याय पाँच, अध्याय छ, अध्याय सातमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको विश्लेषण

र अन्तिम अध्याय आठमा सारांश, निष्कर्ष र उपयोगितालाई समग्र अध्यायको रूपरेखा मानिएको छ ।

यस अध्याय दुईको शीर्षक पूर्वकार्यको समीक्षा र अवाधारणात्मक ढाँचा रहेको छ । यसमा पनि पूर्वकार्यको समीक्षाअन्तर्गत पुस्तक समीक्षा र शोध समीक्षालाई छुट्टाछुट्टै अध्ययन गरिएको छ । त्यसै गरी अवधारणात्मक ढाँचाअन्तर्गत निवेदन लेखनको परिचय, निवेदनको प्रकार, निवेदनका अङ्गहरू र निवेदनको महत्त्व र उपयोगित उपशीर्षक समावेश गरी विस्तृत रूपमा उल्लेख गरिएको छ । यस अध्यायअर्न्तगत पाँच वटा पुस्तकको समीक्षाबाट सैद्धान्ति ज्ञान र १० वटा शोध समीक्षाबाट प्रयोगिक ज्ञान प्राप्त गरिएको छ । शोध परिचयलाई चिनाउने क्रममा कार्यालय चिठीलाई निवेदन पनि भनिन्छ । निवेदनको अर्थ अनुरोध हो । कुनै व्यक्तिले कुनै काम गरिदिन अनुरोधका साथ औपचारिक र शिष्टताका साथ लेखिने चिठिलाई निवेदन भनिन्छ । निवेदन कार्यालयीय र व्यापारी/व्यावसायिक दुई प्रकारका हुन्छन्, निवेदनको अङ्गहरू मिति, सम्बोधन, ठेगाना, विषय, पुनः सम्बोधन, विषयवस्तु र समापन हुन् । निवेदनको ढाँचा आदि, मध्य र अन्त्य गरी छुट्टाउन सकिन्छ । लेखन सीप विकास गर्न र जागिर वा कुनै कार्यालयमा दरखास्त दिनका लागी निवेदन लेखन उपयागी हुन्छ ।

यस अध्याय तीनको शीर्षक अध्ययन विधि र प्रक्रिया रहेको छ । प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा क्षेत्रीय विधि अपनाई पूरा गरिएको छ भने प्रक्रियाअन्तर्गत तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूलाई पूर्ण जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । नमुना छनोटमा परेका समग्र विद्यार्थीहरूलाई सरल यादृच्छिक नमुना छनोट विधिअन्तर्गतको चिठ्ठा प्रणाली अपनाई तथ्याङ्क सङ्कलन गरिएको छ । त्यस्तै सामग्री सङ्कलनका क्रममा प्राथमिक स्रोतका रूपमा अनुसन्धानकर्ता स्वयम् उपस्थित भई तथ्याङ्क सङ्कलन गरिएको छ र द्वितीयक स्रोतको रूपमा सम्बन्धित पुस्तक, पत्रपत्रिका, पुस्ककालयीय अध्ययन निर्देशकको निर्देशन र सल्लाह सुझाउ आदिलाई ग्रहण गरिएको छ । १ नागरपालिका र १ गाउँपालिकाका १० विद्यालयका १०० जना विद्यार्थीहरूलाई अध्ययनमा लिइएको छ । प्रस्तुत शोध अध्ययनका क्रममा प्रयोगमा ल्याइएका विधि तथा प्रक्रियाअन्तर्गत जनसङ्ख्याको पहिचान, सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोत, परीक्षा कार्यान्वयन, तथ्याङ्क सङ्कलन र विश्लेषण तथा साङ्ख्यिकीको प्रयोगअन्तर्गत

तालिकीकरण, वृत्तचित्र, मध्यमान र मानक विचलन जस्ता उपशीर्षकहरू अन्तर्गत विश्लेष(ा गरी उल्लेख गरिएको छ ।

अध्याय चारमा शीर्षक सम्रग विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन रहेको छ । प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यम र उत्तमस्तरमा बढी, न्यून र अति उच्चस्तरमा कम प्रतिशत रहेकाले समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यमस्तरको रहेको पाइन्छ । मध्यमान र मानक विचलनमा आधारमा हेर्दा समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो पाइएको छ ।

अध्याय पाँचको शीर्षक विद्यालय प्रकृतिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन रहेको छ । यस अध्यायनअन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू निवेदन लेखन क्षमताको छुट्टाछुट्टै र अन्त्यमा तुलनात्मक अध्ययन गरिएको छ । प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता न्यून र मध्यम स्तरमा धेरै तथा उच्च र अतिउच्चमा कम प्रतिशत रहेकाले निवेदन लेखन क्षमता मध्यम स्तरको पाइन्छ । मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यमानभन्दा तल कम र मध्यमानभन्दा माथि धेरै प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ । प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता न्यून र अतिउच्चमा कम र मध्यम र उच्चस्तरमा बढी प्रतिशत रहेकाले निवेदन लेखन क्षमता मध्यमस्तरको पाइन्छ । मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यमानभन्दा तल कम र मध्यमानभन्दा माथि धेरै प्रतिशत रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनअनुसार सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता केही राम्रो पाइन्छ ।

अध्याय छमा शीर्षक लैङ्गिकताको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन रहेको छ । यस अध्यायनअन्तर्गत छात्र र छात्राको निवेदन लेखन क्षमताको छुट्टाछुट्टै र अन्त्यमा तुलनात्मक अध्ययन गरिएको छ । प्रतिशतका आधारमा छात्रहरूको निवेदन लेखन क्षमता न्यून तथा मध्यम स्तरमा धेरै र उच्च तथा अति उच्चस्तरमा कम रहेकाले निवेदन लेखन क्षमता मध्यम स्तरको पाइन्छ । मध्यमान र मानक विचलनका आधारमा

छात्रहरूको निवेदन लेखन क्षमता मध्यमानभन्दा तल कम र मध्यमानभन्दा माथि धेरै प्रतिशत रहेकाले छात्रहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ । प्रतिशतका आधारमा छात्राहरूको निवेदन लेखन क्षमता न्यून र अति उच्चस्तरमा कम मध्यम र उत्तमस्तरमा बढी रहेकाले निवेदन लेखन क्षमता मध्यम स्तरको पाइन्छ । मध्यमान र मानक विचलनका आधारमा छात्राहरूको निवेदन लेखन क्षमता मध्यमानभन्दा तल कम र मध्यमानभन्दा माथि धेरै प्रतिशत रहेकाले छात्राहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ । मध्यमान र मानक विचलनका आधारमा पनि छात्र र छात्राहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनअनुसार छात्रभन्दा र छात्राहरूको निवेदन लेखन क्षमता राम्रो पाइन्छ ।

अध्याय सातको शीर्षक भाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन रहेको छ । यस अध्ययनअन्तर्गत नेपाली मातृभाषी र अन्य मातृभाषीको निवेदन लेखन क्षमताको छुट्टाछुट्टै र अन्त्यमा तुलनात्मक अध्ययन गरिएको छ । प्रतिशतका आधारमा नेपाली मातृभाषीहरूको निवेदन लेखन क्षमता न्यून र मध्यम स्तरमा बढी तथा उत्तम र अति उत्तमस्तरमा कम रहेकाले निवेदन लेखन क्षमता मध्यमस्तरको पाइन्छ । मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषीहरूको निवेदन लेखन क्षमता मध्यमानभन्दा तल कम र मध्यमानभन्दा माथि धेरै प्रतिशत रहेकाले नेपाली मातृभाषीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ । प्रतिशतका आधारमा अन्य मातृभाषीहरूको निवेदन लेखन क्षमता मध्यम स्तरमा र उच्चस्तरमा धेरै तथा न्यून र अतिउच्च स्तरमा कम रहेकाले निवेदन लेखन क्षमता राम्रो पाइन्छ । मध्यमान र मानक विचलनका आधारमा अन्य मातृभाषीहरूको निवेदन लेखन क्षमता मध्यमानभन्दा तल कम र मध्यमानभन्दा माथि धेरै प्रतिशत रहेकाले अन्य मातृभाषीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ । मध्यमान र मानक विचलनका आधारम नेपाली मातृभाषी र अन्य मातृभाषीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनअनुसार नेपाली मातृभाषीभन्दा र अन्य मातृभाषीहरूको निवेदन लेखन क्षमता केही राम्रो पाइन्छ ।

प्रस्तुत शोधकार्यको अध्याय सातको शीर्षक सारांश, निष्कर्ष र उपयोगिता रहेको छ । यस अध्यायमा शोधकार्यको अध्ययनको सारांशअन्तर्गत सबै अध्यायका कुराहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिरएको छ । यसै गरी शोध अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ । उपयोगिताअन्तर्गत नीतिगत रूपमा पाठ्यक्रम निमार्ण

गर्न र पाठ्यपुस्तक लेखन कार्यमा सहयोग पुग्दछ भने प्रयोगगत रूपमा भाषा शिक्षणका कार्यकलाप गराउन र लेखाइ सीपको विकास गराउन सहयोग पुग्दछ ।

अध्यायको अन्त्यमा परिशिष्ट खण्ड रहेको छ । यसअन्तर्गत पनि प्रतिनिधि नमुना छनोटमा परेका विद्यालयहरूको नामावली, जनसङ्ख्या छनोटमा परेका विद्यार्थीहरूको नाम र प्राप्ताङ्क, सबैभन्दा राम्रो र सबैभन्दा नराम्रो उत्तर लेख्ने विद्यार्थीहरूका उत्तरपुस्तिकालाई समावेश गरिएको छ ।

## ८.२ निष्कर्ष

प्रस्तुत अध्ययन **तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन** क्षमताको अध्ययनबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा यसप्रकार उल्लेख गरिएको छ :

- समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको विश्लेषण गर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ७६ रहेकाले निवेदन लेखन क्षमता मध्यमस्तरको पाइन्छ ।
- समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको विश्लेषण गर्दा उच्च र अतिउच्चस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २८ रहेकाले निवेदन लेखन क्षमता मध्यम स्तरको पाइन्छ ।
- समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मध्यमानलाई आधारमा हेर्दा मध्यमानभन्दा माथि ४८ प्रतिशत र मध्यमानभन्दा तल ५२ प्रतिशत भएको हुँदा निवेदन लेखन क्षमतामा निम्नस्तरको देखिन्छ । यसरी समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमतालाई हेर्दा मध्यम स्तरको पाइन्छ ।
- समग्र विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मानक विचलन ११.२७ रहेकोले यस आधारमा उक्त विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यम स्तरभन्दा केही कम रहेको पाइन्छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा निम्न र मध्यम स्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८० रहेकाले

सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमतामा मध्यम स्तरको पाइन्छ ।

- सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा उच्च र अति उच्चस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० रहेकोले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमतामा निम्नस्तरको पाइन्छ ।
- संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा निम्न र मध्यम स्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ६४ रहेकोले संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमतामा मध्यम स्तरको पाइन्छ ।
- संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा उच्च र अतिउच्चस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३६ रहेकोले संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमतामा मध्यम स्तरको पाइन्छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा उच्च र अति उच्चस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा उच्च र अतिउच्चस्तरको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३६ रहेकोल सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ ।
- मध्यमानको आधारमा निवेदन लेखन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ४८.२६ संस्थागत विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यमान(५४.१३ रहेकाले संस्थागत विद्यालयको विद्यार्थीहरूको मध्यमान ५.८७ ले बढी रहेकाले राम्रो पाइन्छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन १३.०६ संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन ११.५४ को आधारमा तुलना गर्दा सामुदायिक विद्यालयकोभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता १.५२ ले कम रहेकाले राम्रो देखिन्छ ।

- लैङ्गिकताका आधारमा छात्रहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा निम्न र मध्यम स्तरको अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ८२ रहेकाले छात्रहरूको निवेदन लेखन क्षमता न्यून रहेको पाइन्छ ।
- लैङ्गिकताका आधारमा छात्रहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा उच्च र अतिउच्चस्तरको अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १८ रहेकाले छात्रहरूको निवेदन लेखन क्षमता न्यून रहेको पाइन्छ ।
- लैङ्गिकताका आधारमा छात्राहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा निम्न र मध्यम स्तरको अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या ६४ रहेकाले छात्राहरूको निवेदन लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ ।
- लैङ्गिकताका आधारमा छात्राहरूको निवेदन लेखन क्षमताको अध्ययन गर्दा उच्च र अतिउच्चस्तरको अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या ३६ रहेकाले छात्राहरूको निवेदन लेखन क्षमता मध्यम स्तरको रहेको पाइन्छ ।
- लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमतालाई तुलनात्मक रूपमा विश्लेषण गर्दा उच्च र अति उच्चस्तरको अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या १८ र छात्राहरूको सङ्ख्या ३६ रहेको छात्रको भन्दा छात्राहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ ।
- मध्यमानको आधारमा निवेदन लेखन क्षमताको तुलना गर्दा छात्रहरूको मध्यमान ४८.२६ र छात्राहरूको मध्यमान ५२.७ रहेकाले छात्रहरूभन्दा छात्राहरूको निवेदन लेखन क्षमता मध्यमान ४.४४ ले बढी रहेकाले राम्रो पाइन्छ ।
- मानक विचलनको आधारमा तुलना गर्दा छात्रका मानक विचलन ११.२७ भन्दा छात्रहरूको मध्यमान ११.४ रहेकाले छात्राहरूको निवेदन लेखन क्षमता ०.१३ ले कम रहेकाले राम्रो देखिन्छ ।
- भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको विश्लेषण गर्दा निम्न र मध्यमस्तरको अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या ३८ रहेकाले नेपाली मातृभाषीहरूको निवेदन लेखन क्षमता न्यून रहेको पाइन्छ ।

- भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको विश्लेषण गर्दा उच्च र अति उच्चस्तरको अङ्क प्राप्त गर्ने नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १२ रहेकाले नेपाली मातृभाषीहरूको निवेदन लेखन क्षमता न्यूनस्तरको रहेको पाइन्छ ।
- भाषिक पृष्ठभूमिका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको विश्लेषण गर्दा निम्न र मध्यम स्तरको अङ्क प्राप्त गर्ने सङ्ख्या ३४ रहेकाले अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता न्यून रहेको पाइन्छ ।
- भाषिक पृष्ठभूमिका आधारमा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको विश्लेषण गर्दा उच्च र अति उच्चस्तरको अङ्क प्राप्त गर्ने सङ्ख्या १६ रहेकोले अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता न्यूनस्तरको रहेको पाइन्छ ।
- भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक विश्लेषण गर्दा उच्च र अति उच्चस्तरको अङ्क प्राप्त नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १२ र अन्य मातृभाषी विद्यार्थीहरूको सङ्ख्या १६ रहेकोले नेपाली मातृभाषीभन्दा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता उच्च रहेको पाइन्छ ।
- मध्यमानको आधारमा निवेदन लेखन क्षमताको तुलना गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमान ५० र अन्य मातृभाषी विद्यार्थीहरूको मध्यमान ५२.७ रहेकाले नेपाली मातृभाषी विद्यार्थीहरू मध्यमानभन्दा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता मध्यमान ०.७२ ले बढी रहेकाले राम्रो पाइन्छ ।
- मानक विचलनको आधारमा तुलना गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको ११.१४ र अन्य मातृभाषी विद्यार्थीहरूको ११.०७ रहेकाले नेपाली मातृभाषीको भन्दा अन्य मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता ०.०७ ले कम रहेकाले राम्रो देखिन्छ ।

## ८.३ उपयोगिता

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै किसिमको महत्त्व र उपयोगिता रहेको हुन्छ । त्यसैले प्रस्तुत अध्ययन स्थानीय परिवेशबाट राष्ट्रिय स्तरसम्म महत्त्वपूर्ण हुन सक्छ । तसर्थ तनहुँ जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदनल लेखन क्षमताको शोध अध्ययनलाई नीतिगत र प्रयोगगत उपयोगिता गरी छुट्टाछुट्टै उल्लेख गर्नु उपयुक्त हुन्छ ।

### ८.३.१ नीतिगत तह

प्रस्तुत शोधको नीतिगत उपयोगिताहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

- यस अध्ययनले विद्यार्थीहरूको लेखन क्षमता सम्बन्धमा थप अनुसन्धान गर्न आधार प्रदान गर्दछ ।
- यस अध्ययनले भाषा शिक्षणको नीति निर्माणका क्रममा जानकारी प्रदान गर्नेछ ।
- यस अध्ययनले अन्य भाषिक सीपसग सम्बन्धित अनुसन्धान गर्न भावी अनुसन्धानकर्तालाई सहयोग गर्दछ ।
- यस अध्ययनले पाठ्यपुस्तक निर्माण, पाठ्यपुस्तक लेखन र परिर्माजन परीक्षण र मूल्याङ्कन आदिका लागि ठोस आधार प्रदान गर्दछ ।

### ८.३.२ प्रयोगात्मक तह

प्रस्तुत शोधको प्रयोगगत तहका उपयोगिताहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

- यस अध्ययनले नेपाली भाषा विषयका शिक्षकलाई कक्षामा लेखाइ सीपको अभ्यास गराउन सहयोग प्रदान गर्नेछ ।
- यस अध्ययनले निवेदन लेखन शिक्षणको क्रममा विद्यार्थीहरूलाई निवेदन लेखनमा अग्रसर बनाउन सहयोग पुऱ्याउँछ ।
- यस अध्ययनले भाषा शिक्षण गर्दा शिक्षण सामग्रीको निर्माण र प्रयोगको क्रममा पृष्ठपोषण प्रदान गर्दछ ।
- यस अध्ययनले विद्यार्थीहरूको निवेदन लेखन क्षमताको मूल्याङ्कन गर्ने आधार प्रदान गरी कक्षा शिक्षणमा प्रभावकारी बनाउन सहयोग पुऱ्याउनेछ ।
- विद्यार्थीहरूको चाहना, रुचि र आवश्यकतालाई ध्यान दिई भाषा शिक्षणका कार्यकलाप सञ्चालन गर्नमा यस अध्ययनले सहयोग पुऱ्याउँछ ।

# सन्दर्भसामग्री सूची

**पुस्तकहरू**


अधिकारी, हेमाङ्गराज (२०६५), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६५), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

एटम, नेत्र र कृष्णहरि बराल (२०५७), *माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,* काठमाडौं : तलेजु प्रकाशन ।

ढकाल, शान्तिप्रसाद र पोखरेल, केशवराज (२०६५), *साधारण नेपाली,* काठमाडौं : प्रधान बुक हाउस ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्टिब्युटर्स ।

पाठ्यक्रम विकास केन्द्र (२०५५), *माध्यमिक शिक्षा पाठ्यक्रम अनिर्वाय नेपाली,* भक्तपुर : सानोठिमी ।

पाठ्यक्रम विकास केन्द्र (२०७३), *मेरो नेपाली कक्षा सात,* भक्तपुर : सानोठिमी ।

भण्डारी, पारसमणि र अन्य (२०६६), *माध्यमिक तहको नेपाली विषयको स्वाध्ययन सामग्री,* भक्तपुर : सानोठिमी ।

भण्डारी, पारसमाणि र लामिछाने, यादवप्रकाश (२०६६), *साधारण नेपाली,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६६), *नेपाली भाषा शिक्षण* , काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०६४), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

**शोधपत्रहरू**


आचार्य, प्रतिभा (२०७३), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

खतिवडा, काशिराम (२०६३), *कक्षा सात पूरा गरेको विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

घर्ती, शशीराम (२०६९), *रुकुम जिल्लाको कक्षा दशमा अध्ययनरत गरेका विद्यार्थीहरूको चिठीलेखनक्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

जोशी, वेदानन्द (२०६६), *कक्षा आठमा अध्ययनरत गरेका विद्यार्थीहरूको चिठीलेखनक्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

नेपाल, इन्द्रप्रसाद (२०६४), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

नेपाल, इन्द्रप्रसाद (२०६७), *कक्षा छ पूरा गरेका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

बोहरा, राजकुमार (२०७०), *रामेछाप जिल्लाको कक्षा दशमा अध्ययनरत गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

रिमाल, मञ्जु (२०७३), *कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

विष्ट, कमलबहादुर (२०६८), *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

शाही, विष्णुकुमारी (२०६८), *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि., कीर्तिपुर ।

## परिशिष्ट (क)

## तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएको विद्यालयहरू

**सामुदायिक विद्यालय**

१. श्री पसले आधारभूत विद्यालय, पसले ।

२. श्री मीन माध्यामिक विद्यालय, थर्पु ।

३. श्री राधा माध्यामिक विद्यालय, गुणादी ।

४. श्री अकला आधारभूत विद्यालय, छबिसे ।

५.श्री महेन्द्र माध्यमिक  विद्यालय जामुने ।

**संस्थागत विद्यालय**

१. न्यूभिजन पब्लिक एकेडेमी, थर्पु ।

२. दमौली मोडेल एकेडेमी, दमौली ।

३. दमौली उच्च मा. वि., दमौली ।

४. ग्रनीस्टार सेकेन्डरी बोडिङ्ग स्कुल, दमौली ।

५. मेद्यादह सेकेन्डरी बोडिङ्ग स्कुल,  जामुने ।

## परिशिष्ट (ख)

### नमुना प्रश्नपत्र

**'तनहुँ जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन'**

विद्यार्थी भाइबहिनीहरू यस प्रश्नको उत्तर शोधकार्यको लागि मात्र प्रयोग गर्ने भएकोले यस प्रश्न उत्तीर्ण र अनुत्तीर्णको लागि नभई नितान्त अनुसन्धानको लागि प्रयोग गर्ने भएकाले स्वभाविक र मौलिक उत्तर दिनुहोला ।

विद्यालयको नाम : पूर्णाङ्क :

विषय : नेपाली समय :

कक्षा : ७ विद्यार्थीको नाम :

**दुवै प्रश्नको उत्तर दिनुहोस् ।**

१) शैक्षिक भ्रमणको व्यवस्था मिलाइदिन अनुरोध गर्दै प्रधानाध्यापकलाई एक निवेदन लेख्नुहोस् ।

२) आफू बिरामी भई परीक्षा छुटेको हुँदा उक्त परीक्षा पुनः दिलाइदिन अनुरोध गर्दै प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।

..........................................................................................................................
.....

## परिशिष्ट (ग)

## तथ्याङ्क सङ्कलनका लगि छनोटमा गरिएको विद्यार्थीहरूको विवरण

| सामुदायिक विद्यालयका विद्यार्थीहरू | | संस्थागत विद्यालयका विद्यार्थीहरू | |
|---|---|---|---|
| क्र.स. | विद्यार्थीको नाम | क्र.स. | विद्यार्थीको नाम |
| १. | विनिता थापा | ५१ | सीजना शर्मा |
| २ | अमृता श्रेष्ठ | ५२ | ममता थापा |
| ३ | अप्सरा गुरुङ् | ५३ | तिर्था ढकाल |
| ४ | शर्मिला नेपाली | ५४ | प्रेरीता पराजुली |
| ५ | सपना परियार | ५५ | स्माइल थापा |
| ६ | सुवास नेपाली | ५६ | सुमन दरै |
| ७ | दिलबहादुर थापा | ५७ | ज्ञानेन्द्र शर्मा |
| ८ | मिलन सारु | ५८ | सुगम थापा |
| ९ | प्रमिस राना | ५९ | हिमाल सुनारी मगर |
| १० | हिरालाल बि.क | ६० | हिम्मत सुनाम |
| ११ | प्रमिला थापा | ६१ | स्वस्तिका अधिकारी |
| १२ | समिक्षा गुरुङ | ६२ | एन्जिला थापा |
| १३ | एलिना राना | ६३ | जेविशा श्रेष्ठ |
| १४ | शुभेक्षा श्रेष्ठ | ६४ | दिक्षा राई |
| १५ | श्रुति श्रेष्ठ | ६५ | मोनिका थापा |
| १६ | सुविन श्रेष्ठ | ६६ | निश्चल थापा |
| १७ | समिर नेपाली | ६७ | प्रकाश थापा |
| १८ | मुस्कान वि.क | ६८ | अभिषेक श्रेष्ठ |
| १९ | सिमन परियार | ६९ | सुलज थापा |
| २० | प्रमिस कुँवर | ७० | मन्जिल थापा |
| २१ | सुमिना श्रेष्ठ | ७१ | अपेक्षा श्रेष्ठ |
| २२ | अपेक्षा घिमिरे | ७२ | स्मृति थापा |
| २३ | जुना काफ्ले | ७३ | दीपीका परियार |

| | | | |
|---|---|---|---|
| २४ | कुशुम कोइराला | ७४ | झरना श्रेष्ठ |
| २५ | नविना सेजवाल | ७५ | अप्सना खातुन |
| २६ | सुवास घिमिरे | ७६ | विवेक गिरी |
| २७ | आन्नद राना | ७७ | कस्तुप थापा |
| २८ | मन्जिल क्षेत्री | ७८ | सौगात थापा |
| २९ | सलन थापा | ७९ | गौरव श्रेष्ठ |
| ३० | सुमन आले | ८० | सरूप थापा |
| ३१ | सुस्मिता राई | ८१ | दिपिका थापा |
| ३२ | सोनिया परियार | ८२ | सोनी राना |
| ३३ | अपेक्षा राना | ८३ | वीनीषा राना |
| ३४ | सृष्टि श्रेष्ठ | ८४ | लिला शर्मा |
| ३५ | बीपसा नेपाली | ८५ | अनुपा वाग्ले |
| ३६ | श्याम श्रेष्ठ | ८६ | अनुप वाग्ले |
| ३७ | राम थापा | ८७ | विशाल बराली |
| ३८ | राम बि.क | ८८ | सन्देश आले |
| ३९ | दिनेस क्षेत्री | ८९ | विनित वाग्ले |
| ४० | रवि थापा | ९० | रूपेश घिमिरे |
| ४१ | धनमाया थापा | ९१ | जस्टिना थापा |
| ४२ | निशा सुनारी मगर | ९२ | अग्रता सिग्देल |
| ४३ | मोनिक सुनार | ९३ | निशा अधिकारी |
| ४४ | दिपा नेपाली | ९४ | रिसिका गुरुङ् |
| ४५ | समीरा राना | ९५ | सहिना बेगम |
| ४६ | शितल सुनार | ९६ | प्रमिस पण्डित |
| ४७ | आनन्द खनाल | ९७ | हेमन्त दरै |
| ४८ | विशाल थापा | ९८ | समिर अछामी |
| ४९ | सुरेश सुनार | ९९ | प्रवेश श्रेष्ठ |
| ५० | रेखुराम थापा | १०० | अकिंत दाहाल |

# व्यक्तिवृत

| | | |
|---|---|---|
| नाम | : | सम्झना अधिकारी |
| ठेगाना | : | पड्सरी ९, रूपन्देही |
| बुबाको नाम | : | रामलाल अधिकारी |
| आमाको नाम | : | मञ्जु अधिकारी |
| धर्म | : | हिन्दु |
| राष्ट्रियता | : | नेपाली |
| मोबाइल नं. | : | ९८४१७३४९९२ |

**शौक्षिक योग्यता**

| क्र.स. | उर्त्तीण तह | शिक्षण संस्था |
|---|---|---|
| १ | एस.एल.सी | श्री मीन मा.वि. थर्पु, तनहुँ । |
| २ | आइ.एड | भानुभक्त बहुमुखी क्याम्पस, तनहुँ । |
| ३ | बी. एड. | दमौली कलेज, दमौली, तनहुँ । |
| ४ | एम.एड | त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं । |